# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## गंगादेव गाउँपालिका, रोल्पा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १५७ मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
गंगादेव गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रोल्पा।

**कैफियत सहितको राय**

हामीले गंगादेव गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गंगादेव गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.११ करोड ४१ लाख ५० हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू.७१ लाख ७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ९० लाख १५ हजार र नियमित गर्नुपर्ने रू.६ करोड ७९ लाख ६१ हजार रहेको छ ।पालिकाको गतवर्ष ७ करोड ८० लाख ८२ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू १९ करोड २२ लाख ३२ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गंगादेव गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# गंगादेव गाउँपालिका
## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८५ | ५२ | ११४१५० | ० | ० | ० | ८५ | ५२ | ११४१५० | ७१७४ | ६७९६१ | ३९०१५ | ० | ० | १०६९७९ | ० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रोल्पा | ७८०८२ | ० | ० | ७८०८२ | ० | ११४१५० | १९२२३२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : गंगादेव गाउँपालिका, रोल्पा , गंगादेव गाउँपालिका , रोल्पा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | सकलदेव यादव | २०७७-४-१ | २०७७-१०-५ |
| कार्यालय प्रमुख | शालिकराम बस्नेत | २०७७-१०-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भरत बस्नेत | २०७७-४-१ | |
| लेखा प्रमुख | प्रेम खत्री | २०७८-८-२७ | |
| | | **बेरुजु रकम** | ११४,१५०,०६७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,४९,३५,१८४.८८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०,७६,०७,४०८ | **चालु खर्च** | २३,७६,१८,६२४.४८ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,०१,०१,००० | **पूँजीगत खर्च** | १४,२१,२२,६२४.४५ |
| **राजश्व बाँडफाँट** | ७,१४,७७,४००.९१ | **वित्तीय/अन्य व्यवस्था** | ९,१७,१७,३७९.८ |
| **आन्तरिक आय** | ६२,७७,६३०.३५ | | |
| **अन्य आय** | ४,८७,७८,३९८ | | |
| **कुल आय** | ४७,४२,४१,८३७.२६ | **कुल खर्च** | ४७,१४,५८,६२८.७३ |
| **बाँकी मौज्दात** | | १,७७,१८,३९३.४१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय सञ्चितकोष :- आर्थिक बर्ष 2077/ 78 को सञ्चितकोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयको आ.व. २०७७।७८को प्रस्तुत आर्थिक विवरण र सो सँग सम्बन्धित आर्थिक कारोवारको कार्यालयले पेश गरेको श्रेस्ताको विस्तृत लेखापरीक्षण योजना एवम् कार्यक्रम, व्यवस्थापन प्रतिनिधित्वपत्र र आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतका आधारमा लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जटिल प्राविधिक विषय, सिमित समय, कमजोर अभिलेख एवम् सुचनाको अपर्याप्तताको सिमा भित्र रहि लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोरा उपर कार्यालयका सम्बद्ध पदाधिकारीहरुसँग मिति २०७8÷6÷13 मा छलफल गरी छलफल पश्चात कायम भएका व्यहोराहरु निम्नानुसार छन् । | |
| २ | | | **आय विवरण**<br>कार्यालयको आय-व्यय विवरण तयार गर्दा नेपाल सार्वजनिक लेखामान प्रणाली बमोजिम आय-व्यय विवरणका साथसाथै लेखा नीति तथा टिप्पणी, प्रमुख लेखा नीति र वित्तिय विवरणहरु तयार तथा स्वीकृती गरी तोकिएको ढाँचामा लेखापरीक्षणमा पेश भएन। त्यस्तै स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । कार्यालयको आय व्यय सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् | |
| २.१ | | | संचित कोष खातामा आम्दानी जनाउँदा प्राप्तीको श्रोत सहित आम्दानी जनाउनु पर्नेमा बैंक स्टेटमेन्टको आधारमा आम्दानी जनाउने गरेको छ । | |
| २.२ | | | सञ्चित कोष र अन्य खर्च शिर्षकहरुको बैङ्क नगदी किताब कार्यालय प्रमुख तथा लेखा प्रमुखबाट प्रमाणित गर्ने गरेको छैन। | |
| २.३ | | | कार्यालयको गतवर्षको आय व्यय विवरण अनुसार धरौटी मौज्दात रु. 867807।- रहेकामा कार्यालयले धरौटी बैंक नगदी कितवा अनुसार यसवर्ष रु.415731।- जिम्मेवारी सारेकोले रु. 452076।- घटी जिम्मेवारी सारेको छ । घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | ४५२,०७६ |
| २.४ | | | कार्यालयले पेश गरेको बैंक नगदी किताव अनुसार यसवर्ष चालु तथा पूंजीगत तर्फ रु. 388249202।45 खर्च देखिएकोमा सुत्र सफ्टवेयरको श्रोतगत आम्दानी खर्च अनुसार रु. 379741248।93।- खर्च देखिई बैंक नगदी कितावमा भन्दा सुत्रमा रु. 8507953।52।- घटी खर्च देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २.५ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोषमा स्वतः फिर्ता हुने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु शिर्षकहरु रु. 9,62,162।- र पूँजीगत तर्फ रु. 12,50,877।44 समेत रु.22,13,039।55 खर्च नभई खर्च खातामै मौज्दात रहेको छ । ऐनको प्रावधान अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च खातामा मौज्दात रहेको रकम स्थानीय सञ्चित कोष फिर्ता हुनुपर्दछ । | |
| २.६ | | | संघीय सरकार हस्तान्तरीत पूँजीगत तर्फ बैंक नगदी किताव अनुसार यसबर्ष रु. 70,67,100।- पेश्की दिएको र फर्छयौट रु. 72,77,100।- भएको देखिन्छ । पेश्की दिएको भन्दा रु. 210000।- बढी फर्छयौट भएको सम्बन्धमा केही व्यहोरा उल्लेख गरेको छैन । | |
| २.७ | | | जिम्मेवारी सारेको - सञ्चित कोषको हिसाव लेखाँकन गर्दा गतवर्षको मौज्दात रकम सुरु भौचरमा अल्या गरी तत्पश्चात अन्य आम्दानी बाँध्ने तथा ट्रान्फर खर्च लेखाँकन गर्नुपर्दछ । कार्यालयले गतवर्ष सञ्चित कोषको मौज्दात सार्दा भौ.नं. 41-2077।10।23 बाट 1,49,35,184।89 जिम्मेवारी सारेकोले यसमा सुधार हुनुपर्दछ । | |
| २.८ | | | सञ्चित कोषको बैंक नगदी किताव तयार गरेपनि भौचर उठाई आम्दानी खर्चको लेखाँकन गरेको छैन ।श्रोतगत आम्दानी तथा खर्च खातामा रकम ट्रान्सफर गर्दा गोश्वार भौचर उठाई कार्यालय प्रमुखबाट आम्दानी खर्च कारोवारको स्वीकृत गराएर मात्र खर्च गर्नु पर्नेमा नगरेकोले भौचर उठाई भौचर र कारोवारलाई पुष्टि गर्ने कागजात समेतको फाईल तयार गर्नु पर्दछ । | |
| २.९ | | | स्थानीय सरकार संचालन ऐन, 2074 को दफा 69 अनुसार प्रत्येक पालिकामा एक संचित कोष रहने र गाउँपालिकामा प्राप्त रकम सो कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ ।प्रदेश समपुरक तर्फ थप प्राप्त भएको रु. 16,50,000।- संचित कोष खातामा आम्दानी बाँधेको छैन । ऐनको व्यवस्था पालना गरी गाउँपालिकालाई प्राप्त हुने सवै रकम कोषमा जम्मा गरेर मात्र खर्च गर्नुपर्दछ । | |
| २.१० | | | बैंक नगदी कितावको मौज्दात र एकिकृत आय व्यय विवरणमा रहेको मौज्दात एक आपसमा भिडान हुनुपर्दछ । बैंक नगदी किताव अनुसार चालु खर्च खातामा रु. 962162।- पूँजिगत खर्च खातामा रु. 1250877।55 र संचितकोष खातामा रु. 43493579।26 समेत रु. 45706618।81 मौज्दात रहेकोमा एकिकृत आय व्यय विवरणमा रु. 12927795।41 मात्र मौज्दात देखाएकोले बैंक नगदी कितावमा भन्दा संचित कोषमा रु. 32778823।40 घटी मौज्दात सम्वन्धमा प्रमाण पेश हुनुपर्ने रु. | ३२,७७८,८२३.४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २.११ | | | अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धी व्यवस्था छ । प्रदेश तथा संघीय सरकारवाट स्थानीय तहलाई प्राप्त हुने अनुदान रकम मध्ये सशर्त, विशेष र समपुरक अनुदानहरु आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहन गएमा सम्बन्धित सरकारको संचित कोषमा फिर्ता गर्नुपर्दछ ।प्रदेश सरकार सशर्त विशेष र समपुरक अनुदान तर्फ कोष तथा लेखा नियन्त्रक कार्यालयको निकासा प्रतिवेदन अनुसार रु. 24008891।- निकासा दिएकोमा कार्यालयले रु. 10823824।- खर्च र रु. 10974109 फ्रिज गरेको समेत रु. 21797933।- खर्च भई रु. 2210958।- मौज्दात रहेको देखिएकोले मौज्दात रकम प्रदेश संचित कोष फिर्ता हुनुपर्ने रु | २,२१०,९५८ |
| २.१२ | | | प्रकोप व्यवस्थापन कोषमा बैंक नगदी किताव अनुसार आ.ब. 2076।77 को अन्त्यमा रु. 15239।40 मौज्दात रहेकोमा आ.ब. 2077।78 को सुरुमा रु. 3460436।40 जिम्मेवारी सारेको छ तर एकीकृत आय व्यय विवरणमा गत वर्षको मौज्दात जिम्मेवारी आम्दानी गरेको छैन। बैंक नगदी कितावमा अगाडी बर्षको मौज्दात भन्दा रु.3445197।- बढी जिम्वारी सारेको र एकीकृत आय व्यय विवरणमा गत वर्षको मौज्दात जिम्मेवारी आम्दानी नगर्नुको कारण लेखापरीक्षणमा पेश नभएको रु. | ३,४४५,१९७ |
| २.१३ | | | बैङ्क नगदी किताब अनुसार गत बर्षको जिम्मेवारी सारेको रु.3460436।4 र यस बर्षको आय ५२६०४३६।४० समेत रु.8720872।80 आम्दानी देखिएको र रु.3460882 खर्च भई 5260990।80 मौज्दात देखिएकोमा एकिकृत आयव्यय विवरणमा खर्च रु.5260990।80 खर्च र मौज्दात 3459882। देखाएकोले बैङ्क नगदी किताब र एकिकृत आय-व्यय विवरणको हिसाब लेखाङ्कन ठिक उल्टो परेको हुदाँ यथार्थ हिसाब एकिन गरी हिसाब मिलान विवरण पेश हुनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२.१४</td><td></td><td></td><td>कोष तथा लेखा नियन्त्रक कार्यालयले दिएको निकासा र संचीत कोषको आम्दानी एक आपसमा भिडान हुनुपर्दछ । कार्यालयको सुत्र प्रणालीको श्रोतगत आम्दानी तथा खर्चको विवरण अनुसार निम्न शिर्षकमा कोलेनिकाले निकासा दिएको भन्दा बढी आम्दानी बाँध्नुका साथै निकासा भन्दा बढी खर्च लेखेको हुँदा संचित कोषको यथार्थ आम्दानी र खर्च यकिन गर्न सकिएन। यथार्थ हिसाव देखिने गरी आम्दानी र खर्च लेखाँकन हुनुपर्दछ ।
<table>
<tr><th>बिबरण</th><th>कोलेनिका</th><th>संचित कोष आम्दानी</th><th>खर्च</th></tr>
<tr><td>संघीय सरकार सशर्त अनुदान</td><td>182619751</td><td>223358135</td><td>191891412</td></tr>
<tr><td>प्रदेश सरकार शसर्त अनुदान</td><td>7783464</td><td>16341546</td><td>9275510</td></tr>
<tr><td>प्रदेश सरकार बिशेष अनुदान</td><td>4610686</td><td>6000000</td><td>4610686</td></tr>
<tr><td>प्रदेश सरकार समपुरक अनुदान</td><td>11631241</td><td>12500000</td><td>12500000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२.१५</td><td></td><td></td><td>बैक नगदी कितावको बजेट खर्च र एकिकृत आय व्यय विवरणमा लेखाँकन गरेको खर्च एक आपसमा भिडान हुनुपर्दछ । कार्यालयले पेश गरेको आय व्यय विवरण र बैंक नगदी कितावमा निम्नानुसार फरक देखिएकोले यसतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।
<table>
<tr><th>बिबरण</th><th>बैंक नगदी किताव अनुसार खर्च</th><th>एकिकृत आय व्यय विवरण अनुसार खर्च</th><th>फरक</th></tr>
<tr><td>चालु खर्च तर्फ</td><td>247618624</td><td>237618624.5</td><td>9999999.52</td></tr>
<tr><td>पूँजीगत खर्च तर्फ</td><td>140630578.5</td><td>142122624.5</td><td>-1492046</td></tr>
</table>
उल्लेखित व्यहोराहरुका आधारमा संचित कोष हिसावले आर्थिक कारोवारको यथार्थ चित्रण नगर्ने हुँदा कारोवारको लेखाँकनमा सुधार गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २.१६ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ।कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन।तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ। | |
| ३ | | | **आन्तरिक नियन्त्रण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ। कायालयले आन्तरिक नियन्त्रण कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्; क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन, ख) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन । ग) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । घ) आर्थिक विवरण – आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र आर्थिक विवरण तयार गर्नुपर्नेमा लेखापरीक्षणको अवधि (२०७८ आश्विन १८) मा आर्थिक विवरण तयार गरी पेश गरेको छ । साथै आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको छैन। ङ) पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। च) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन, छ) लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, 2074 अनुसार कार्यालयले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरी वडा कार्यालय, विद्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गर्नुपर्नेमा गरेको छैन, ज) लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, 2074 को दफा ४८(1) अनुसार खरिद भएका जिन्सी मालसामानको विवरण र मूल्य खुलाई जिन्सी कितावमा सातदिन भित्र आम्दानी बाँधी स्रेस्ता अद्यावधिक राख्नुपर्नेमा अधिकांश खरिद भएका जिन्सी मालसामानहरुको स्पेशिफिकेशन नखुलाई जिन्सी दाखिला गर्ने गरेको, झ) खरिद भएका कतिपय सामानहरूको दाखिला प्रतिवेदन फाराममा दाखिला नं. राख्ने नगरेको, एकै प्रकारको जिन्सी सामान फरक फरक जिन्सी कितावमा दाखिला गरेको, ञ) वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । ट) जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन, जिन्सी निरीक्षण प्रतिवेदनले औल्याएका व्यवस्थाहरुको पुर्ण रुपमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यान्वयन नभएको, ठ) जिन्सी कितावमा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेमा नगरेको, ड) कार्यालयले ग्याविन वर्कको कार्य गर्दा ग्याविनको स्पेशिफिकेशन खुलाएको छैन। सो कार्यमा हेभिकोटेट ग्याविन प्रयोग भएको भने पनि हेभिकोटेट वा कमर्शियल कोटेट ग्याविन सम्बन्धमा एकिन गर्न सकिएन, ढ) मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। ण) कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन, त) स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । थ) ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन, द) दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन। ध) स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन। न) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसबर्ष कार्यसम्पन्न भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन, प) संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कार्यालयबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाईएन, फ) वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन, ब) योजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । भ) सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश योजनामा गरेको पाईएन। म) विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरु बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित रहेको पाईयो, य) सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, 206५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्नेमा गरेको छैन, र) कार्यविवरण – निजामती सेवा ऐन, 2049 को दफा ५क अनुसार कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा दिएको देखिएन, ल) अभिलेख – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ङ) अनुसार कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन, व) कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको, श) निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो। अतः योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन, ष) राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने नगरेको तथा राजश्वको शीर्षकगत आर्थिक विवरण तयार गरेको छैन, ह) निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलबि प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्नेमा तलवि प्रतिवेदन पारित गरेको छैन, क्ष) | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयले सवारी लगबुक नराखी इन्धन खर्च लेखेको छ, त्र) वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन। कार्यालयले प्रचलित ऐन, नियम र कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्नाको साथै ऐन, नियमको अधिनमा रही कार्यालको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण कार्यबिधि तयार गरी प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु क्रमश सुधार गर्दै जानु पर्दछ। यस सम्बन्धमा कार्यविधि बनाई क्रमश सुधार गर्ने कार्यालयको भनाई रहेको छ। | |
| ४ | | | **राजश्व परामर्श**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेतको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ । राजश्व परामर्श समितिले बैठक बसी राजश्वको दर, क्षेत्र तथा अनुमानित राजश्व आय सम्बन्धी निर्णय र अभिलेख लेखापरीक्षणको क्रममा माग गरिएकोमा पेश भएन। | |
| ५ | | | **स्रोत अनुमान समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्रक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्रोत अनुमान समित गठन गरेको देखिएन । ऐन बमोजिम समिति गठन गरी श्रोत अनुमान गर्ने, वडामा बजेट सिलिङ पठाउने लगायत ऐनको भावना कार्य गरिनु पर्दछ । | |
| ६ | | | **बजेट तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ ।कार्यालयले बजेट तर्जुमा गर्न बजेट तर्जुमा समितिको गठन भएको छैन । यसमा सुधार हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **बजेट तथा अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गरी असार मसान्त भित्र पारित गरिसक्नु पर्ने र दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । पालिकाले २०७6।3।10 मा नीति, कार्यक्रम र बजेट प्रस्तुत गरी 2077 असार 14 रु. 35,87,65,940।- को बजेट पारीत गरेको छ। तर पारित बजेट भन्दा रु. 17903330।- बढी अर्थात रु. 376669270।- बजेट कार्यान्वयनको 2077।6।26 मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ । ऐनले तोकेको अवधि भित्र बजेट प्रस्तुत तथा पारित गरी सभाले पारित गरेको बजेट सिमा भित्र ऐनले तोकेको अवधिभित्र अख्तियारी प्रदान गरिनुपर्दछ । | |
| ८ | | | **रकमान्तर**<br>स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 79 मा कार्यापालिकाले स्वीकृत बार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकवाट पूँजीगत शिर्षकमा 25 प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । पालिलकाले चालु तथा पूँजीगत शिर्षक नछुट्टयाई रु. 39942588।- बजेट घटाएको र रु. 49544442।58 बजेट बढाएको भनी रु. 89487030।58 स्वीकृत बजेटको 24.94 प्रतिशत रकमान्तर गरको विवरण पेश गरेको छ ।कार्यपालिकाको पटके निर्णयको आधारमा रकमान्तर गर्ने गरेको र शिर्षकगत रुपमा रकमान्तर हुने नगरेकोले यसमा सुधार हुनुपर्दछ । | |
| ९ | | | **गतवर्षको भुक्तानी**<br>उपभोक्ता समितिले गाउँपालिकासंग गरेको सम्झौता अवधिभित्र कार्य सम्पन्न गरी सम्झौता अनुसारको रकम समयमै भुक्तानी गर्नु पर्दछ । आर्थिक बर्ष 2076।77 मा सम्झौता भई 2077 असार 25 सम्म सम्पन्न गर्नेगरी सम्झौता भएका योजनाहरु उपभोक्ता समितिले सम्झौता अवधि भित्र सम्पन्न नगरी काम बाँकी भएकोमा आ.ब. 2076।77 मा विनियोजन भएको रकम बरावरनै भुक्तानी दिन वाँकी रकम आ.ब. 2077।78 मा भुक्तानी दिने कार्यपालिकाको निर्णय अनुसार यसवर्ष 29 योजनाहरुको वास्तविक भुक्तानी दिन बाँकी दायित्वको योजनागत विवरण म.ले.प.फा.नं. 221 प्रमाणीत नगरी यसवर्ष विनियोजन भएको रकमवाट रु. 15410924।45 बिभिन्न गोश्वार भौचरवाट भुक्तानी दिएको छ । भुक्तानी दिन बाँकी योजनाहरुको योजनागत दायित्व यकीन गरी बजेट तर्जुमा गर्दा गतवर्षको दायित्व छुट्टयाई यस वर्षको कार्यक्रम तर्जुमा गर्नुपर्नेमा सो अनुरुप गरेको छैन । | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **अबण्डा बजेट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष निम्नानुसार शिर्षकमा रु. 2 करोड 13 लाख 30 हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको बिभिन्न मितिको निर्णयबाट चालु तथा पुजीगत शिर्षक नछुट्टयाई बिभिन्न शीर्षकमा बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| अवण्डा शिर्षक | अवण्डा रकम |
|---|---|
| अध्यक्ष गरिवी निवारण कोष | 9000000 |
| गा.पा. खेलकूद विकास कार्यक्रम | 1600000 |
| जनतासँग अध्यक्ष कार्यक्रम | 5000000 |
| यूवा युवतीहरुलाई व्यवसायीक तालिम | 800000 |
| वडा कार्यक्रम | 4930000 |
| जम्मा | 21330000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **कार्यपालिका निर्णय**<br>स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 16 मा कार्यबिभाजन र सम्पादन सम्बन्धी व्यवस्था अनुसार कार्यपालिकाको कार्यबिभाजन र कार्यसम्पदान सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमाजिम हुने कार्यपालिकाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सो नियमावलीमा उल्लेख हुनुपर्ने र नियमावलीबाट पदाधिकारीहरुको कार्य बिभाजन वा काम, कर्तव्य र अधिकार नतोकिएसम्म स्थानीय सरकार सञ्चालन ऐन बमोजिम हुने व्यवस्था छ । कार्य | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बिभाजन र कार्यसम्पादन सम्बन्धी नियमावली बनाई सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको छैन । कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन विपरित निर्णयहरु गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ । कार्यपालिकाले बिभिन्न समयमा बैठक बसी गरेका निर्णयहरु मध्ये केही निम्नानुसार छन्‌ | |

| मिति | निर्णय नं. | निर्णयहरु |
|---|---|---|
| 2077।4।6 | 4 | प्राविधिक कर्मचारीहरुलाई स्पष्टिकरण सोध्ने |
| 2077।4।8 | 1 | 55 करार कर्मचारीहरुको म्याद थप गर्ने |
| 2077।4।8 | 5 | प्राविधिक कर्मचारीहरुले र शाखा प्रमुख ईन्जिनिरले दिएको स्पष्टिकरण चित्त नबुझेकोले शाखा प्रमुखलाई जिम्मेवारीवाट हटाई करार नियुक्त सव ईन्जिनियरलाई शाखा प्रमुख बनाउने |
| 2077।6।22 | 3 | नि.प्र.प्र.अ. लाई श्रावण 1 गते देखिनै लागु हुने गरी मासिक रु. 10,000।- थप सेवा सुविधा उपलव्ध गराउने । |
| 2077।6।23 | 1 | आ.ब. 2077।78 को लागि सभाले स्वीकृत गरेको बजेट संशोधन गर्ने |
| 2077।7।6 | 6 | प्रेश संयोजकले चौथो तहको सेवा सुविधा लिएकोले निजलाई पाँचौ तहमा बढुवा गरि निर्णय मिति देखि पाँचौं तहको सेवा सुविधा उपलव्ध गराउने । |
| 2077।8।11 | 4 | 2 कर्मचारीको कामकाज त्रुटीपूर्ण रहेकोले पहिलो पटक 10 दिनको तलव कट्टा गर्ने । |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १२ | | | **चौमासिक खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा कूल खर्च रु.14 करोड 21 लाख 23 हजार मध्ये तेश्रो चौमासिकमा रु. 12 करोड 46 लाख 38 हजार र आषाढ महिनामा रु.10 करोड 9 लाख 4 हजार खर्च भएको पाइयो। तेस्रो चौमासिकमा कूल खर्चको 87.7% र आषाढमा 71% खर्च भएको देखियो। आर्थिक बर्षको अन्त्यमा मात्र कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मूल्याकंन गर्न समय कम भै कामको गुणस्तरमा असर पर्ने अवस्थालाई मध्यनजर राखेर कार्ययोजना अनुसार कार्यसम्पादन गरिनुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थिति<br>
- स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका निमित्त क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७७।७8 को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>26523500</td><td>12661424</td><td>3.33</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>99772806</td><td>86821787</td><td>22.86</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>188057788</td><td>169249476</td><td>44.57</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>0</td><td>0</td><td>0</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>5100000</td><td>4517329</td><td>1.19</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>121018077</td><td>106491233</td><td>28.04</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>440472171</td><td>379741249</td><td>100</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी 44.57 प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी 1.19 प्रतिशत खर्च भएको छ भने वातावरण तथा विकासमा बजेट नै बिनियोजन भएको छैन।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **खर्च बिश्लेषण**<br>गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. 62 लाख 78 हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. 41 करोड 91 लाख 85 हजार समेत रु. 42 करोड 54 लाख 63 हजार आम्दानी भएकोमा चालु तर्फ रु. 23 करोड 76 लाख 19 हजार र पूँजिगत तर्फ रु. 14 करोड 21 लाख 23 हजार समेत रु 37 करोड 97 लाख 42 हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा 1.65 प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.38 लाख 15 हजार खर्च भएको छ जुन आन्तरिक आयको 60.76 प्रतिशत रहेको छ। गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 62.57 प्रतिशत चालु र 37.43 प्रतिशत मात्र पूँजिगतमा खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ। | |
| १५ | | | **लक्ष्य प्रगति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका जिल्लास्तरीय तथा केन्द्रस्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन। ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नुपर्दछ। | |
| १६ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाख देखी ५० लाखसम्म | ५० लाख सम्म | जम्मा |
|---|---|---|---|---|---|---|
| 42 | 58 | 22 | 19 | 25 | 7 | 173 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा करारमा कर्मचारी राखी रु.83,02,694।– खर्च तलब लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । कार्यालयले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सिर्जना भएको दरबन्दी स्वीकृत गरी सो पदमा स्थायी पदपूर्ति नभए सम्म कार्यालय संचालनमा अति जरुरी पर्ने पदमा मात्र करार कर्मचारी राख्नुपर्नेमा माथि उल्लेखित पद वाहेकको विभिन्न 8 पदमा 13 जना करार नियुक्ति गरी बर्षभरीमा रु.33,19,748।- भुक्तानी गरेको अनियमित देखएको रु. | ३,३१९,७४८ |
| १८ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले कानून नबनाई यो बर्ष १8 कर्मचारीलाई दामासाही रुपमा रु.5,49,560।- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | ५४९,५६० |
| १९ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हालसम्म पालिकाले बनाएका ऐन, नियमावली तथा कार्यविधि कानुनहरू माग भएकोमा विवरण पेश भएन। स्थानीय निकायको लागि आवश्यक कानुनहरु निर्माण गरी राजपत्रमा प्रकाशन गरेर मात्र कानुन कार्यान्वयनमा ल्याउनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २० | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष 6 विवाद दर्ता भएकोमा 6 नै फछ्यौट नभई बाँकी रहेको देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |
| २१ | | | **पदाधिकारी सुविधा**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २077 को नियम ३9 को उपनियम १ मा बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम 5 मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम 5 को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा 2 हजार रुपैंया सम्म र सो भन्दा कमको यातायात खर्च, ढुवानी खर्च र त्यस्तै विल भरपाइ पेश हुन नसक्ने स-साना काममा भएको फुटकर खर्च भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.12,72,000।-, टेलिफोन तथा मोवाइल रु.3,96,000।, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.4,08,000।-, समन्वय तथा सहजीकरणमा रु.8,16,000।- अतिथि सत्कारमा रु.4,68,000।- खानेपानी विजुली सरसफाईमा रु.1,20,000।- र चाडवाड खर्च बापत रु.335000।- समेत रु.38,15,000।- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु.34,80,000।- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन। अत उद्वेश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२</td><td></td><td></td><td>

**अध्यक्ष गरिवी निवारण कोष**

कार्यालय यस वर्ष अध्यक्ष गरिवी निवारण कोषमा चालुतर्फ रु 40,00,000 विनियोजित गरी निम्न भौचरबाट रु.22,05,969।-खर्च लेखेकोमा उक्त कोष संचालन सम्बन्धमा कार्यविधि तयार गरेको छैन ।कार्यविधि तयार नगरी खर्च गरेको निसंगत नदेखिएको रु

<table>
<tr><th>गौ.भौ.न /मिति</th><th>कार्यक्रमको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>87/2077/10/29<br>गा.पा चालु</td><td>गा.पा शैक्षिक गुणस्तरका लागी सम्भाव्यता अध्ययन कार्यक्रम</td><td>995474</td><td>लागत अनुमान तयार नभएको ,सेवा खरिद गरिएकोमा सम्झौता अनुसारको कार्य नगरेको</td></tr>
<tr><td>116/2077-11-23</td><td>७ वटै वडामा माटो परीक्षण कार्यक्रम</td><td>794390</td><td>लागत अनुमान तयार नभएको ,सेवा खरिद गरिएकोमा सम्झौता अनुसारको कार्य नगरेको</td></tr>
<tr><td>386/2078/3/25</td><td>सिलाई कटाई तालिम</td><td>416105</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>2205969</td><td></td></tr>
</table>

</td><td>२,२०५,९६९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>
न्यायिक समिति बैठक भत्ता<br>
स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ४६ मा न्यायिक समितिको गठन सम्बन्धी व्यबस्था छ।आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न स्थानीय तहमा उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा तिन सदस्यीय न्यायिक समिति रहने प्रावधान छ।कार्यालयले तोकिएका तिन सदस्य बाहेक अन्य पदाधिकारी तथा कर्मचारीलाई बैठकमा सहभागी गराई बैठक भत्ता भुक्तानी गरेकोले समितिमा नरहने पदाधिकारी तथा कर्मचारीले लिएको भत्ता असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गौ.भो.नं.।मिति</th><th>कर्मचारीको नाम र पद</th><th>बैठक संख्या</th><th>भुक्तानी दिएको रु. (कर कट्टीपछि)</th></tr>
<tr><td rowspan="6">392/2078-3-26चालु गा.पा</td><td>गा.पा अध्यक्ष विर ब.खत्री</td><td>7</td><td>8925</td></tr>
<tr><td>नि.प्र.प्र.अ.शालिकराम बस्नेत</td><td>2</td><td>2550</td></tr>
<tr><td>ले.अ भरत बस्नेत</td><td>2</td><td>2550</td></tr>
<tr><td>न्यायिक अधिकारी पुष्पा पनेरु</td><td>16</td><td>20400</td></tr>
<tr><td>आ.ले.प उदय प्रकाश वली</td><td>2</td><td>2550</td></tr>
<tr><td>लेखापाल प्रेम खत्री</td><td>2</td><td>2550</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>39525</td></tr>
</table>
</td><td>३९,५२५</td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **यातायात सुविधा**<br>सार्वजनिक खर्चको मापदण्ड कार्यविधि तथा मितव्ययीता सम्बन्धी निर्देशिका, 2075 को बुँदा नं.7.3 मा इन्धन र सरकारी सवारी सुविधा उपलव्ध गराएपछि पुन सो सुविधा उपलव्ध गराउन नमिल्ने उल्लेख छ । कार्यालयले सरकारी सवारी साधन र सो बापतको इन्धन सुविधा लिएका निम्न पदाधिकारीहरुले पुन यातायात खर्च बापत रु.7,60,320।- भुक्तानी लिएकोले दोहोरो सुविधा रकम असुल हुनुपर्ने रु | ७६०,३२० |

| पदाधिकारीको नाम | लिइएको सुबिधा | रकम कर कट्टी बाहेक | कैफियत |
|---|---|---|---|
| गा.पा अध्यक्ष विर ब. खत्री | यातायात | 142560 | 12 महिनाको 12,000 को दरले |
| उपाध्यक्ष रिता घर्ति | यातायात | 142560 | 12 महिनाको 12,000 को दरले |
| वडा.न. १ अध्यक्ष अजमत डाँगी | यातायात | 118800 | 12 महिनाको 10,000को दरले |
| वडा.न. २ अध्यक्ष भुपाल दमाई | यातायात | 118800 | 12 महिनाको 10,000 को दरले |
| वडा.न. ३ अध्यक्ष जलेश कुमार के. सी | यातायात | 118800 | 12 महिनाको 10,000 को दरले |
| वडा.न. ५ अध्यक्ष मानबहादुर डाँगी | यातायात | 118800 | 12 महिनाको 10,000 को दरले |
| जम्मा | | 760,320 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **पदाधिकारी सुविधा**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७६ लाई संशोधन गर्न बनेको विद्येयकको दफा ४ अनुसार मूल ऐनको अनुसूचीको खण्ड (क) को गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ८ को खानेपानी तथा सरसफाई सुविधा बापत वडाध्यक्षको कोलमा भएको रु.२०००। सम्भार ,विद्युत र उर्जा खर्च कोलममा भएको रु.2000।- झिकेको छ। कार्यालयले 7 वडाका वडाध्यक्षहरुलाई सो सुविधा बापत रु.332640। भुक्तानी दिएकोले ऐन अनुसार नपाउने सुविधा असुल हुनुपर्ने रु. | ३३२,६४० |

| पदाधिकारीको नाम | खानेपानी तथा सरसफाइ शुल्क | मर्मत सम्भार ,विद्युत र उर्जा खर्च | जम्मा | रकम कर कट्टी बाहेक |
|---|---|---|---|---|
| वडा.न. १ अध्यक्ष अजमत डाँगी | 24000 | 24000 | 48000 | 47520 |
| वडा.न. २ अध्यक्ष भुपाल दमाई | 24000 | 24000 | 48000 | 47520 |
| वडा.न. ३ अध्यक्ष जलेश कुमार के. सी | 24000 | 24000 | 48000 | 47520 |
| वडा.न. ४ अध्यक्ष राम ब. वली | 24000 | 24000 | 48000 | 47520 |
| वडा.न. ५ अध्यक्ष मानबहादुर डाँगी | 24000 | 24000 | 48000 | 47520 |
| वडा.न. 6अध्यक्ष विर ब.वली | 24000 | 24000 | 48000 | 47520 |
| वडा.न. ७ अध्यक्ष तुल ब.घर्ती | 24,000 | 24000 | 48000 | 47520 |
| जम्मा | | | | 332640 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **प्रेश संयोजक**<br>लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले प्रेश संयोजक राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । कार्यालयले गा.पा. अध्यक्षको प्रेश संयोजक रुपमा अशोक कुमार ओलीलाई मासिक रु.26610।- का दरले ३ महिनाको तलब र चाडपर्व खर्च सहित करकट्टि गरी रु.1,05,376।- र कार्यपालिकाको निर्णयवमोजिम पारिश्रमिकमा वृद्धी गरी 28,200।- पाउने गरी ९ महिनाको रु 2,51,262।- समेत कर कट्टा गरी रु.3,56,638।- भुक्तानी भएको नियमसम्मत नदेखिएको रु | ३५६,६३८ |
| २७ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.18,11,001।- खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २८ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यसवर्ष कार्यालयले आर्थिक सहायता वितरण गरी खर्च 9,78,050 लेखेको छ । आर्थिक सहायता वितरण कार्यविधि नबनाई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २९ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न विद्यालय तथा सहकारी संस्थाहरुलाई बीउपूँजी तथा अनुदान खर्च लेखेको छ । कार्यालयबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन हुने गरी अनुदान वितरण गर्ने ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **वितरणमुखी कार्यक्रम**<br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । | |
| ३१ | | | **निर्माण कार्यको गुणस्तर**<br>खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलव्ध गराउनुपर्ने र स्वीकृत योजना अनुसार परीक्षण गरी गुणस्तर प्रक्रिया संचालन गर्नुपर्ने उल्लेख भएतापनि यो वर्ष गाउँपालिका कोष पूँजीगतवाट रु.14 करोड 21 लाख 23 हजार पुँजीगत खर्च गरेकोमा अधिकाशं योजनाको गुणस्तर परीक्षण गरेको पाईएन। निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ। | |

| भौ.नं. मिति | सहयोगको विवरण | अनुदान रकम |
|---|---|---|
| 16/2078/3/28 कृषि चालु | टिमुरको विरुवा वितरण | |
| 7/2078/3/17 प्रदेश चालु | पि.आई.एस झोला | 9800 |
| 9/2077/3/23 प्रदेश चालु | घाँसको विउ वितरण | 97500 |
| 12/2077/3/24 प्रदेश चालु | विपन्नलाई पिउने पानी वितरण | 498450 |
| | जम्मा | 605750 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **ठेक्का मार्फत नागारेको**<br>कार्यालयले प्राविधिक ज्ञानसिप र क्षमता आवश्यक भएका र जटिल प्रकृतिका हेभि उपकरणहरु आवश्यक पर्ने विकास निर्माणका कार्यहरु ठेक्का मार्फत गर्नुपर्नेमा यस बर्ष कुनै पनि विकास निर्माणका कार्यहरु ठेक्का मार्फत गरेको छैन। | |
| ३३ | | | **कन्टिन्जेन्सी खर्च अभिलेख**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गरेको देखिएतापनि कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी नराखेकोले कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ। | |
| ३४ | | | **खरिद कारवाही अभिलेख**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ। | |
| ३५ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१)अनुसार रु. ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न नसकिने व्यवस्था छ। नमुना छनौटको आधारमा परीक्षण गर्दा विभिन्न कार्यालय सामान तथा फर्निचरहरु विभिन्न मितिमा विभिन्न फर्महरुबाट पटक-पटक गरी रु. 81,00,336।- को सोझै खरिद गरेको देखियो। प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **व्याकहो लोडर आय**<br>गाउँपालिकाको व्याकहो लोडर संचालन कार्यविधि 2074 को बुँदा 1 मा उपाध्यक्षको अध्यक्षतामा 3 सदस्यीय समिति रहेको र बुँदा 2 अनुसार व्याकहोलोडरले काम गर्दा विशेष समय बाहेक अन्य समयमा वडामा विनियोजित रकमवाट सहुलियत दरमा कार्यपालिकाको निर्णय अनुसार काम गरेवापत गाउँपालिकालाई रकम बुझाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले बिभिन्न समयमा व्याकहो लोडरको प्रयोग गर्न उपभोक्ता समितिहरुलाई प्रतिघण्टा 2000।- दरले सम्झौता गरी उपलव्ध गराएको देखिन्छ । तर प्राप्त गरेको रकम गाउँपालिकामा आम्दानी बाँधेको देखिएन । आम्दानी खर्चको छुट्टै कोष हिसाव राखी व्याकहो लोडरको आय व्यय विवरण तयार गर्नुपर्नेमा तयार गरेको छैन । व्याकहो लोडरको आम्दानी खर्च सम्बन्धमा छानविन गरी आय विवरण तयार गर्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **सवारीसाधन खरिद**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्न अनुसारका सवारी साधन खरिद गरी समानिकरण अनुदानबाट रु. 1080700।- र राजश्व बाँडफाँडवाट रु. 320000।- समेत रु. 1400700।- खर्च गरेको छ। | १,४००,७०० |

| भौ.नं./मिति | बिबरण | रकम |
|---|---|---|
| 56-077।10।30 | समानिकरणा अनुदानवाट एफ जेट एविएस (ड्रिमल्याण्ड ट्रेडर्स बाट सिधै खरिद) | 434900 |
| 91-078।2।28 | समानिकरणा अनुदानवाट एफ जेट एविएस 149 सिसि (ड्रिमल्याण्ड ट्रेडर्स बाट सिधै खरिद) | 645800 |
| 99-078।2।28 | राजश्व बाँडफाँड शिर्षकवाट एफ जेट एविएस | 320000 |
| जम्मा | | 1400700 |

उल्लेखित 3 मोटरसाईकल सार्वजनिक खरिद नियमावली, 2064 को नियम 31(ख) विपरीत उत्पादक वा अधिकृत बिक्रेतासँग खरिद नगरको तथा विना प्रतिस्पर्धा सिधै खरिद गरी रु. 1400700।- खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **उपभोक्ता समितिको कार्य**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **उपभोक्ता समिति दर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गरेकोमा गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ४० | | | **उपभोक्ता समिति**<br>लागत अनुमान तयार गर्दा र सम्झौता गर्दा उपभोक्ता समितिले व्यहोर्ने अंश 10 प्रतिशतको हाराहारीमा रहेकोमा कुनै पनि योजनामा उपभोक्ता समितिले श्रमदान गरेको देखिएन। श्रमदान नगरेको अवस्थामा नगद सहभागिता पनि भएको छैन। उपभोक्ता समितिले जिम्मा लिएको अधिकाशं सडकको निर्माण सम्बन्धी काम निर्माण व्यवसायीवाट गराएको र मूल्याँकन अनुसार भुक्तानी हुने रकमको हाराहारीमा निर्माण व्यवसायीको विल राखी भुक्तानी खर्च लेखेको छ। कार्यालयसंग उपभोक्ता समितिले सम्झौता गरी जिम्मा लिएको काम आफैले नगरी निर्माण व्यवसायी मार्फत गराउने कार्यको अन्त्य हुनुका साथै उपभोक्ताको श्रम वा लागत सहभागीता देखिने गरी कार्य हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **मेशिन प्रयोग गरी कार्य**<br>सार्वजनिक खरिद ऐन बमोजिम उपभोक्ता समिति मार्फत गरिने कार्यमा हेभी इक्यूपमेन्ट प्रयोग गरी कार्य गराउन नहुने तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने भनी उल्लेख भएकोमा र प्राविधिक सिफारीसमा सार्वजनिक निकायको सिफारीस लिएर मात्र प्रयोग गर्न सकिनेमा नमुना छनौट गरी परीक्षण गरिएका योजानहरु मध्ये निम्नानुसारका योजनाहरुमा कार्यालयले लागत अनुमान तयार गर्दा जटिल भनी निर्धारण नभएको र सार्वजनिक निकायको स्वीकृती विनानै हेभी इक्यूपमेन्ट प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी दिएको देखियो । कार्यालयले ऐनको विपरित हुने गरी लागत अनुमानमा नै मेशिनरी दर प्रयोग गरी उपभोक्ता समिति मार्फत कार्य गराउने प्रचलनको अन्त्य हुनुपर्दछ। | |

| योजनाको नाम | लागत अनुमान | पालिकाले व्यहोर्ने अनुदान | उपकरण प्रयोग |
|---|---|---|---|
| चाख्लेपाताल हिलेचौर भालुमारे गोठिखोला मुलागैरा माडि सिमाना सम्म मो.बा.स्तरन्नोती | 5612399 | 5100000 | 4500543 |
| गुराँसे वल्ले न्याउलेखा रातामाटा रुकुमखोला मोटरवाटो | 5664854 | 5100000 | 4819801 |
| साविक पाखापानी गाविस मो.बा. सफाई मर्मत | 3562823 | 3200000 | 2472016 |
| साविक राँक गा.बि.स. मो.बा. सफाई मर्मत | 3223363 | 2900000 | 2596012 |
| सुखाओढार वगेतरा धानछरे खपीकोट रमाही ओत भूर्ती जोड्ने बाटो | 5934722 | 5100000 | 4896448 |
| लामाछेरा सुपे गैरा छेरा रानीघारी खर्काडाँडा मो.बा. | 5936915 | 5100000 | 4895999 |
| डोप्टी भिखारी मेलारुख भितालेकद गैरामाथी हुँदै पोखराडाँडा मो.बा. | 5,773,291 | 5100000 | 3710650 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **निर्माण व्यवसायीको प्रयोग**<br>सार्वजनिक खरिद ऐन, २०६४ को दफा ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरवाट गराउन नसकिने व्यवस्था छ। कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका अधिकांश योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग सम्झौता गरी काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको डोजर विल राखी भुक्तानी लिने गरेको | २९,९३०,५२९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले आफ्नो योगदानबाट गर्नुपर्ने कार्य नगरी केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले श्रम योगदान नगरेवाट केवल प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेको र समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको देखिएको रु. | |

| भौ.नं. मिति | योजनाको नाम | लागत अनुमान | कार्यालयले व्यहोर्ने रकम | प्राविधिक मूल्यांकन | भुक्तानी | निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको विल रकम |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| 112-078।3।11 | चाख्लेपाताल हिलेचौर भालुमारे गोठिखोला मुलागैरा माडि सिमाना सम्म मो.बा.स्तरन्नोती | 5612399 | 5100000 | 5410317 | 4809362 | बिजयधुरी कन्स्ट्रक्सन | 4500543 |
| 163-078।3।18 | गुराँसे वल्ले न्याउलेखा रातामाटा रुकुमखोला मोटरवाटो | 5664854 | 5100000 | 5611519 | 5026560 | माडी खनिज सप्लायर्स | 4819801 |
| 176-078।3।22 | साविक पाखापानी गाविस मो.बा. सफाई मर्मत | 3562823 | 3200000 | 3556083 | 3153920 | प्रकाश एण्ड साधना निर्माण सेवा | 2472016 |
| 177-078।3।22 | साविक राँक गा.बि.स. मो.बा. सफाई मर्मत | 3223363 | 2900000 | 3223363 | 2858240 | सनलाईट निर्माण सेवा | 2596012 |
| 179-078।3।22 | सुखाओढार वगेतरा धानछरे खपीकोट रमाही ओत भूर्ती जोड्ने बाटो | 5934722 | 5100000 | 5952909 | 5100000 | बिजयधुरी कन्स्ट्रक्सन | 4896448 |
| 183- | लामाछेरा सुपे गैरा छेरा रानीघारी खर्कांडाँडा मो.बा. | 5936915 | 5100000 | 5898452 | 5026560 | सन्लाईट | 4895999 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 078।3। 24 | | | | | | इन्जिनियरिङ | |
| 185-078।3। 24 | डोप्टी भिखारी मेलारुख भितालेकद गैरामाथी हुँदै पोखराडाँडा मो.बा. | 5773291 | 5100000 | 4186999 | 3955887 | पि एण्ड पि कन्स्ट्रक्सन | 3710650 |
| जम्मा | | | | | 29930529 | | |

४३

**बढी लागत दर**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार पार्दा ८५ प्रतिशत मेशिनले र १५ प्रतिशत मानिसले गर्ने गरी लागत अनुमान तयार गरी सम्झौता गरेकोमा उपभोक्ता समितिले आफूले सम्झौता गरी जिम्मा लिएको काम निर्माण व्यवसायी मार्फत गराएको छ । निर्माण व्यवसायीले श्रम प्रयोग गरी काम नगर्ने भएकोले कार्यालयले तयार गरेको लागत अनुमानको दर बढी हुन गएको छ। नमूना छनौटको आधारमा परीक्षण गर्दा निम्न कार्यमा रु.22219539।- बढी लागत पर्न गएको छ। योजनाको लागत अनुमान मितव्ययी हुने किसिमले निर्धारण गरिनु पर्दछ।

| योजनाको नाम | विवरण | कार्यालयले राखेको ८५ प्रतिशत मेशिन र १५ प्रतिशत मानिसको दर | कार्यालयको विश्लेषण अनुसार मेशिनको मात्र हुने दर | बढी दर | सम्पन्न कामको परीमाण घ.मी | बढी लागत |
|---|---|---|---|---|---|---|
| साविक पाखापानी गाविस मो.बा. सफाई मर्मत | नरम माटो | 81 | 39.63 | 41.37 | 36330.98 | 1503013 |
| लामाछेरा सुपे गैरा छेरा रानीघारी खर्कडाँडा मो.बा. | नरम माटो | 81 | 39.63 | 41.37 | 8515.59 | 352290 |
| | | 107 | 58.43 | 48.57 | 1020.85 | 49583 |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कडा माटो | | | | | | | |
| | | | | | साधारण चट्टान | 287 | 113.83 | 173.17 | 1148.47 | 198881 | | |
| | | | | | मध्यम चट्टान | 477 | 113.83 | 363.17 | 825.64 | 299848 | | |
| | | | | | कडा चट्टान | 1782 | 196.52 | 1585.48 | 2341.2 | 3711926 | | |
| | | | | डोप्टी भिखारी मेलारुख भितालेकद गैरामाथी हुँदै पोखराडाँडा मो.बा. | नरम माटो | 81 | 39.63 | 41.37 | 7505.95 | 310521 | | |
| | | | | | कडा माटो | 107 | 58.43 | 48.57 | 1220.03 | 59257 | | |
| | | | | | साधारण चट्टान | 287 | 113.83 | 173.17 | 740.48 | 128229 | | |
| | | | | | मध्यम चट्टान | 477 | 113.83 | 363.17 | 665.2 | 241581 | | |
| | | | | | कडा चट्टान | 1782 | 196.52 | 1585.48 | 1523.38 | 2415289 | | |
| | | | | | | 81 | 39.63 | 41.37 | 28225.58 | 1167692 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गुराँसे वल्ले न्याउलेखा रातामाटा रुकुमखोला मोटरवाटो | नरम माटो | | | | | | | |
| | | | | | कडा माटो | 107 | 58.43 | 48.57 | 3003.44 | 145877 | | |
| | | | | | साधारण चट्टान | 287 | 113.83 | 173.17 | 2525.33 | 437311 | | |
| | | | | | मध्यम चट्टान | 477 | 113.83 | 363.17 | 1790.53 | 650267 | | |
| | | | | | कडा चट्टान | 1782 | 196.52 | 1585.48 | 799.68 | 1267877 | | |
| | | | | चाख्लेपाताल हिलेचौर भालुमारे गोठिखोला मुलागैरा माडि सिमाना सम्म मो.बा.स्तरन्नोती | नरम माटो | 81 | 39.63 | 41.37 | 42342.42 | 1751706 | | |
| | | | | | कडा माटो | 107 | 58.43 | 48.57 | 1456.16 | 70726 | | |
| | | | | | साधारण चट्टान | 287 | 113.83 | 173.17 | 729.39 | 126308 | | |
| | | | | | मध्यम चट्टान | 477 | 113.83 | 363.17 | 786.74 | 285720 | | |
| | | | | | | 1782 | 196.52 | 1585.48 | 485.93 | 770432 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कडा चट्टान | | | | | | |
| | | | साविक राँक गा.बि.स. मो.बा. सफाई मर्मत | नरम माटो | 81 | 39.63 | 41.37 | 33466.87 | 1384524 | |
| | | | सुखाओढार वगेतरा धानछरे खपीकोट रमाही ओत भूर्ती जोड्ने बाटो | नरम माटो | 81 | 39.63 | 41.37 | 5883.72 | 243409 | |
| | | | | कडा माटो | 107 | 58.43 | 48.57 | 81.83 | 3974 | |
| | | | | साधारण चट्टान | 287 | 113.83 | 173.17 | 94.84 | 16423 | |
| | | | | मध्यम चट्टान | 477 | 113.83 | 363.17 | 522.79 | 189862 | |
| | | | | कडा चट्टान | 1782 | 196.52 | 1585.48 | 2798.53 | 4437013 | |
| | | | | | | | | | 22219539 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **आम्दानी रकम**<br>लागत अनुमान रु. 1222895।- रहेको गाउँपालिका व्याकहोलोडरले मोटर बाटो सरसफाई कार्यको लागि कार्यालयवाट रु. 11,00,000।- र उपभोक्ता समितले 1,22,895।- व्यहोर्ने गरी उपभोक्ता समितिसँग 2078।1।6 मा सम्झौता भएको थियो । उपभोक्ता समिति समितिले गाउँपालिकासँग रहेको व्याकहो लोडर प्रयोग गर्न व्याकहो लोडर समितसँग मिति 2078।1।7 मा प्रति घण्टा 2000।- का दरले प्रयोग गर्ने र व्याकहो लोडर प्रयोग गरिएको घण्टा समितिका पदाधिकारी वा वडाध्यक्षले प्रमाणित गरेबमोजिम हुने र समितिले व्याकहो लोडर प्रयोग गरेका घण्टा र दरको आधारमा समितिलाई रकम बुझाउने गरी सम्झौता गरेको छ ।उपभोक्ता समितिले सम्झौता अनुसार 1222895।75 बरावर कार्य गरेको प्राविधिक मूल्याँकनको आधारमा भौ.नं. 239-078।3।30 बाट रु. 1083500।- खर्च लेख्दा पेश गरेको विल भरपाईको अनुगमन गर्दा 465.6 घण्टा लोडर प्रयोग गरेको लोडर समितिका सदस्य जलेश कुमार केसीले प्रमाणीत गरी रु. 931200।- भरपाई गरी बुझिलिएकोमा उक्त रकम गाउँपालिकामा दाखिला भएको नदेखिएकोले उक्त रकम गाउँपालिकामा दाखिला गर्नुपर्ने रु. | ९३१,२०० |
| ४५ | | | **आय दाखिल नभएको**<br>गतवर्ष सम्झौता भई भुक्तानी दिन वाँकी रहेको सुखा ओडार चाखलेपाताल हुँदै ओतसम्म मोटरवाटो निर्माण कार्यको भौ.नं. 50-077।10।27 बाट रु. 450000।- भुक्तानी दिंदा पेश भएको कागजात अनुसार बाटो निर्माण समितिले गाउँपालिकाको व्याकहो लोडर 70 घण्टा प्रयोग गरेवापत प्रतिघण्टा 2000।- का दरले रु. 140000।- व्याकहो लोडर समितलाई भरपाई गरी बुझाएकोमा गाउँपालिकामा दाखिला भएको नदेखिएकोले उक्त रकम गाउँपालिकामा दाखिला गर्नुपर्ने रु. | १४०,००० |
| ४६ | | | **बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको बिल बिजक भुक्तानी गर्दा प्राबिधिक नापजाच गरी नापी किताबम उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गरिनु पर्ने उल्लेख गरेको छ ।जीवनज्योती मा.बि.आर.सी.सी. भवन निर्माणको लागि संशोधित लागत अनुमान रु. 3828002।- रहेको र प्राविधक मूल्याङ्कन लागत अनुमान बरावरनै तयार गरको आधारमा सम्झौता अनुसार कार्यालयले रु. 3410000।- र उपभोक्ता समितिले रु. 418002।- व्यहोर्नु पर्नेमा कार्यालयले भौ.नं. 3-076।7।7 बाट रु. 1210240।-,57-077।2।9 बाट 1240000।-, 166-077।3।29 बाट 350000।-,32-077।12।1 बाट रु.300000।- र 75-077।12।9 बाट 649760।- समेत रु. 3750000।- भुक्तानी दिएकोले सम्झौता भन्दा बढी भुक्तानी भएको रु. 340000।- असूल हुनुपर्ने रु. | ३४०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **सभाले स्वीकृत नगरेको योजना**<br>कार्यपालिकाले सभाले स्वीकृत गरेको कार्यक्रम र बजेटको सिमाभित्र रही कार्यक्रम कार्यान्वियन गर्नु पर्दछ ।आ.ब. 2076।77 को स्वीकृत कार्यक्रममा नपरेको बुद्धिविकास मा.बि. छात्रावासको लागि आ.ब. 2076।77 मा रु. 2750000।- को लागत अनुमान तयार भई कार्यालयले रु. 2500000।- र उपभोक्ता समितिले 250000।- व्यहोर्ने गरी काम गरेको देखिन्छ । कार्यपालिकाको मिति 2077 माघ 19 गते बसेको बैठकको निर्णय नं. 9 मा आ.ब. 2076।77 मा सम्पन्न भएको प्रदेश सरकारवाट आउनु पर्ने रकम नआएकोले आ.ब. 2077।78 को लागि दायित्व सिर्जना भएकोले 2076।77 कै विल भर्पाईको आधारमा अध्यक्ष गरिवी निवारण कोषबाट रु. 25 लाख दिने निर्णय गरेको छ । आ.ब. 2076।77 को स्वीकृत कार्यक्रममा नपरेको योजना कार्यान्वियन गरेको भनी यस वर्षको बजेटमा दायित्व नछुट्टयाई अध्यक्ष गरिवी निवारण कोषवाट रकमान्तर गरेको छ । गतवर्ष सम्पन्न भएको भनिएको योजनाको यसवर्ष 2750000।- लागत अनुमान तयार गरी 2077।10।23 मा कार्य सुरु गरी 2078।1।10 मा सम्पन्न गर्ने गरी उपभोक्ता समितिसंग सम्झौता गरेको र उपभोक्ता समितिले पेश गरेको सवै विलभरपाई 2077।78 रहेको आधारमा कार्यसम्पन्न तयार गरेकोमा कार्यसम्पन्न प्रतिवेदनमा लागत अनुमान र सम्पन्न रकम एउटै रु. 3211257।- रहेको छ । कार्यालयले भौ.नं. 94-078।2।25 बाट रु. 2362500।- भुक्तानी दिएकोमा स्वीकृत कार्यक्रमा नपरेको, विल भरपाई, प्राविधिक मूल्याँकन, कार्यपालिकाको निर्णय, अनुसार 2076।77 सम्पन्न भएको कामको 2077।78 को दररेटमा काम गराएको भनी भुक्तानी दिने काम नियमसम्मत नदेखिएको रु. | २,३६२,५०० |
| ४८ | | | **सिद्धार्थ नमुना मा.वि**<br>सार्वजिनक खरिद नियमावली 2064 को नियम 9 मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु र नियम 10 निर्माण कार्यको लागत अनुमान सम्बन्धी व्यवस्था छ । कार्यालयले तयार गरेको विस्तृत लागत अनुमान प्रतिवेदन अनुसार 17729701।- रहेको सिद्धार्थ नमुना मा.बि. भवन निर्माण कार्य सम्वन्धमा देखिएका व्हयोराहरु निम्नानुसार छन् | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८.१</td><td></td><td></td><td>सार्वजनीक खरीद नियमावली २०६४ को नियम ९७ को उपनियम १ बमोजिम मूल्य अभीवृद्धी कर ओभरहेड कन्टन्जेन्सी र जनसहभागीताको अंश समेत समावेश गरी तयार भएको एक करोड रुपैया सम्म लागत अनुमान भएका निर्माण कार्य उपभोक्ता समीती मार्फत गराउन सकिने व्यवस्था रहेको छ ।नमुना बिद्यालयको लागि नेपाल सरकरवाट प्राप्त हुने रु. 1 करोड 50 लाख बाट निर्माण हुने योजनाको लागत अनुमान तयार गर्दा विस्तृत लागत अनुमानमा ओभरहेड र मू.अ. कर नजोडी लागत अनुमान तयार गरेको लागत अनुमान निम्नअनुसार 2 टुक्रा बनाई 2 उपभोक्ता संग कार्य गराएको छ । 1 करोड भन्दा बढी लागत अनुमान हुने योजनालाई 2 टुक्रामा विभाजन गरी 2 उपभोक्ता समिति मार्फत कार्य गराएको तथा विनियोजित बजेट भन्दा रु. 565000।- बढी खर्च गरेको समेत नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>गो.भौ. नं. मिति</th><th>कार्यालयले टुक्रा बनाएको लई</th><th>ओभरहेड र मू.अ.कर जोड्दा हुने लई</th><th>गरिने काम</th><th>सम्झौता</th><th>सम्पन्न गर्नुपर्ने</th><th>उपभोक्ता समितिको अध्यक्ष</th><th>मूल्याँकन</th><th>भुक्तानी</th></tr>
<tr><td>24-078/3/21</td><td>8972469</td><td>11659723</td><td>site clearance, earthwork excavation, boulder soling, concrete work, pcc, steel reinforcement, form work, brick masonary</td><td>2077/10/14</td><td>2078/2/25</td><td>पूर्ण बहादुर वली</td><td>8972469</td><td>7781500</td></tr>
<tr><td>39-078/3/23</td><td>8016826</td><td>10417865</td><td>half brick work, door and window work, flooring work, plastering / wall finishing, paint work, window grill, electrical work and school compound work</td><td>2077/10/14</td><td>2078/2/25</td><td>शालिकराम पुन</td><td>8016826</td><td>7783500</td></tr>
<tr><td>जम्मा</td><td>16989295</td><td></td><td></td><td></td><td></td><td></td><td>16989295</td><td>15565000</td></tr>
</table>
.</td><td>१५,५६५,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.२ | | | आयकर ऐन, २०५८ को दफा ८९ (३क) मा उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँ भन्दा बढीको भुक्तानी रकममा एक दशमलव शुन्य पाँच प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित मा.वि. भवन निर्माण कार्यमा रु. ५० लाख भन्दा बढी भुक्तानी भएकोमा ऐनमा उल्लेख भए भन्दा घटी कर कट्टा गरी भुक्तानी गरेको देखिएकोले नपुग कर रकम सम्बन्धितवाट असूल गरी राजश्व दाखिला समेत हुनुपर्दछ । | |

| गो.भौ. नं. मिति | उपभोक्ता समितिको नाम | कार्यालयवाट भुक्तानी | लाग्ने कर | कट्टा गरेको कर | नपुग कर रकम |
|---|---|---|---|---|---|
| 24-078/3/21 | सिद्धार्थ मा.वि भवन निर्माण उपभोक्ता समिति | 7781500 | 116722 | 49992 | 66730 |
| 39-078/3/23 | सिद्धार्थ मा.वि भवन निर्माण उपभोक्ता समिति | 7783500 | 116753 | 31599 | 85154 |
| जम्मा | | | | | 151884 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.३ | | | सार्वजनिक खरिद नियमावली, 2064 को नियम 10 अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्मस् र जिल्ला दररेटको आधारमा लागत दर निकाल्नु पर्ने र सो दर सोही प्रकृतीको काम गर्दा सवै योजनामा एकरुपता हुनपर्नेमा उल्लेखित विद्यालयको निम्नानुसारको कार्यमा समान अन्य योजनामा प्रयोग भएको दरभन्दा बढी राखि लागत अनुमान तयार गरेको र सोही दरमा उपभोक्ता समितिलाई भुक्तानी गरेकोले बढी दर राखी लागत अनुमान तयार गर्ने प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाई बढी भुक्तानी भएको रु. 755504।- सम्बन्धितवाट असूल हुनुपर्दछ । | |

| बिबरण | अन्य योजना मा प्रयोग भएको दर | योजनामा प्रयोग गरेको दर | बढी | परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| Earth work back filling | 158.36 | 307.5 | 149.14 | 220.10 घमी | 32826 |
| Boulder soling providing and laying uncoursed hand pack dry rubble stone soling in foundation | 2487.57 | 5048.98 | 2561.41 | 55.73 घमी | 142747 |
| form work | 709.44 | 1148.25 | 438.81 | 1321.60 बमी | 579931 |
| | | | | | 755504 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>

**जटिलसंरचना निर्माण**

सार्वजिनक खरिद नियमावली 2064 को नियम 9 मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु र नियम 10 निर्माण कार्यको लागत अनुमान सम्बन्धी व्यवस्था छ । कार्यालयले तयार गरेको विस्तृत लागत अनुमान प्रतिवदेन अनुसार 17729701।- रहेको सिद्धार्थ नमुना मा.बि. भवन निर्माण कार्य सम्वन्धमा देखिएका व्हयोराहरु निम्नानुसार छन्
:

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| 24-078/3/21 | सिद्धार्थ मा.वि भवन निर्माण उपभोक्ता समिति | site clearance, earthwork excavation, boulder soling, concrete work, pcc, steel reinforcement, form work, brick masonary | 7781500 |
| 39-078/3/23 | सिद्धार्थ मा.वि भवन निर्माण उपभोक्ता समिति | half brick work, door and window work, flooring work, plastering / wall finishing, paint work, window grill, electrical work and school compound work | 7783500 |
| 5-077।1013 | घोरनेरी खोला देखि घोरनेटी सम्म सोलार पम्पिङ्ग निर्माण उपभोक्ता समिति | घोरनेरी खोला देखि घोरनेटी सम्म सोलार पम्पिङ्ग निर्माण कार्य | 1800000 |
| 141-078।3।18 | सुपेगैरा लिफ्ट खानेपानी योजना निर्माण उ.स. | सुपेगैरा लिफ्ट खानेपानी योजना पम्प तथा सोलार व्यवस्थापन कार्य | 985600 |
| | | | 18350600 |

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>

**अनुपातिक कट्टी**

सार्वजिनक खरिद नियमावली 2064 को नियम 9 मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु र नियम 10 निर्माण कार्यको लागत अनुमान सम्बन्धी व्यवस्था छ । कार्यालयले तयार गरेको विस्तृत लागत अनुमान प्रतिवदेन अनुसार 17729701।- रहेको सिद्धार्थ नमुना मा.बि. भवन निर्माण कार्य सम्वन्धमा देखिएका व्हयोराहरु निम्नानुसार छन्
:

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिम लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यालयले निम्न योजना उपभोक्ता समित मार्फत गराएकोमा सम्झौतामा उल्लेख भए भन्दा कम काम भएको अवस्थामा सम्पन्न कामको अनुपातमा उपभोक्ताको अंश कट्टा गरी भुक्तानी दिनुपर्नेमा आनुपातिक कट्टि नगरेकोले रु.148780।- बढि भुक्तानी भएको असूल हुनुपर्ने रु.

<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>कार्यालयको अंश</th><th>उपभोक्ता सहभागिता</th><th>सम्पन्न काम</th><th>हुनुपर्ने भुक्तानी</th><th>भएको भुक्तानी</th><th>बढी</th></tr>
<tr><td>185-078/3/24</td><td>डोप्टी भिखारी मेलारुख भितालेकद गैरामाथी हुँदै पोखराडाँडा मो.बा.</td><td>5973291</td><td>85.38</td><td>14.62</td><td>4186999</td><td>3574860</td><td>3655887</td><td>81027</td></tr>
<tr><td>197-078/3/26</td><td>जनता आधारभूत बिद्यालय भवन निर्माण</td><td>1735237</td><td>86.44</td><td>13.56</td><td>1631937</td><td>1410646</td><td>1478400</td><td>67753</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>148780</td></tr>
</table>
</td><td>१४८,७८०</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>

**उपभोक्ता समिति मार्फत खरिद**

सार्वजिनक खरिद नियमावली 2064 को नियम 9 मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु र नियम 10 निर्माण कार्यको लागत अनुमान सम्बन्धी व्यवस्था छ । कार्यालयले तयार गरेको विस्तृत लागत अनुमान प्रतिवदेन अनुसार 17729701।- रहेको सिद्धार्थ नमुना मा.बि. भवन निर्माण कार्य सम्वन्धमा देखिएका व्हयोराहरु निम्नानुसार छन्
:

सार्वजनिक खरिद नियमावली, २०६४ मा उपभोक्ता समिति मार्फत खरिद गराउने व्यवस्था छैन । कार्यालयले गणेश आ.विमा आइ.सि.टि निर्माण कार्यको लागि आवश्यक ल्यापटप, प्रोजेक्टर, कम्प्यूटर जस्ता सामाग्री उपभोक्ता समिति मार्फत खरिद गरी रु.4,99,999। भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

</td><td>४९९,९९९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td></td><td></td><td>बिद्यालय निर्माण<br>सार्वजिनक खरिद नियमावली 2064 को नियम 9 मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु र नियम 10 निर्माण कार्यको लागत अनुमान सम्बन्धी व्यवस्था छ । कार्यालयले तयार गरेको विस्तृत लागत अनुमान प्रतिवदेन अनुसार 17729701।- रहेको सिद्धार्थ नमुना मा.बि. भवन निर्माण कार्य सम्वन्धमा देखिएका व्हयोराहरु निम्नानुसार छन्<br>:<br>सार्वजनिक खरिद निमायवली, २०६४ को नियम १०(३) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्मस तथा दररेट निर्धारण समितिले स्वीकृत गरेको सामाग्री तथा ज्यालाको आधारमा तयार गर्नुपर्दछ। कार्यालयले निम्न विद्यालय भवन निर्माणको लागत अनुमान तयार गर्दा Reinforcement work कार्यको wastage परिमाणमा समेत जोडिनेमा पुनः Wastage वापत थप ५ प्रतिशत थप गरी निम्न उपभोक्ता समितिलाई निम्नानुसारको भौचरबाट सो आईटममा थप रु.68483 ।– भुक्तानी गरेको छ। आइटम दरमै रहने wastage मा पुनः wastage जोडी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु.<br>
<table>
<tr><th rowspan="2">गो.भौ.नं. मिति</th><th rowspan="2">उपभोक्ता समितिको नाम</th><th rowspan="2">लागत अनुमान</th><th colspan="3">थप wastage भुक्तानी</th></tr>
<tr><th>परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>31-2078।3।21</td><td>बुद्धि विकास मा.वि शौचलाय निर्माण</td><td>816648</td><td>44.438</td><td>120.13</td><td>5339</td></tr>
<tr><td>50-2078।3।24</td><td>बुद्धि विकास मा.वि भवन निर्माण</td><td>2167307</td><td>166.032</td><td>120.13</td><td>19946</td></tr>
<tr><td>51-2078।3।24</td><td>पृथ्वी नारायण मा.वि जायाचौर भवन निर्माण</td><td>2018340</td><td>190.476</td><td>120.13</td><td>22882</td></tr>
<tr><td>52-2078।3।24</td><td>जीवन ज्योती मा.वि</td><td>1665071</td><td>169.113</td><td>120.13</td><td>20316</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>68483</td></tr>
</table>
</td><td>६८,४८३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **बढी भुक्तानी**<br>सार्वजिनक खरिद नियमावली 2064 को नियम 9 मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु र नियम 10 निर्माण कार्यको लागत अनुमान सम्बन्धी व्यवस्था छ । कार्यालयले तयार गरेको विस्तृत लागत अनुमान प्रतिवदेन अनुसार 17729701।- रहेको सिद्धार्थ नमुना मा.बि. भवन निर्माण कार्य सम्वन्धमा देखिएका व्हयोराहरु निम्नानुसार छन्<br>:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको बिल बिजक भुक्तानी गर्दा प्राबिधिक नापजाच गरी नापी किताबम उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गरिनु पर्ने उल्लेख गरेको छ । गो.भौ.नं.31-2078।3।21 कार्यालयले बुद्धि विकास मा.वि राँक रातामाटामा वास सहितको शौचलाय निर्माण कार्यको लागि कार्यालय अनुदान रु.650000। र श्रमदान रु.1,66,648। समेत रु.8,16,648। को लागत अनुमान तयार गरी कार्य गरेकोमा रु.8,16,648। बराबरको नै कार्य सम्पन्न भएको अवस्थामा कार्यालयबाट रु.7,00,000। भुक्तानी भएकोले रु.50,000। बढि भुक्तानी असुल हुनुपर्ने रु. | ५०,००० |
| ५४ | | | **निकासा रजिष्ट्र**<br>सार्वजिनक खरिद नियमावली 2064 को नियम 9 मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु र नियम 10 निर्माण कार्यको लागत अनुमान सम्बन्धी व्यवस्था छ । कार्यालयले तयार गरेको विस्तृत लागत अनुमान प्रतिवदेन अनुसार 17729701।- रहेको सिद्धार्थ नमुना मा.बि. भवन निर्माण कार्य सम्वन्धमा देखिएका व्हयोराहरु निम्नानुसार छन्<br>:<br>कार्यालयले विद्यालयमा निकासा हुने रकमको स्पष्ट विवरण खुल्ने गरी विद्यालयगत निकासा रजिष्ट्रर राख्नुपर्नेमा राखेको छैन। विद्यालयहरुको लागि वास्तविक रुपमा निकासा हुनुपर्ने रकम र भुक्तानीको यथार्थ विवरण खुल्ने गरी विवरण अद्यावधिक गर्नुपर्दघ। | |
| ५५ | | | **निजी विद्यालयहरुको अनुगमन**<br>सार्वजिनक खरिद नियमावली 2064 को नियम 9 मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु र नियम 10 निर्माण कार्यको लागत अनुमान सम्बन्धी व्यवस्था छ । कार्यालयले तयार गरेको विस्तृत लागत अनुमान प्रतिवदेन अनुसार 17729701।- रहेको सिद्धार्थ नमुना मा.बि. भवन निर्माण कार्य सम्वन्धमा देखिएका व्हयोराहरु निम्नानुसार छन्<br>:<br>स्थानीय तहले निजी विद्यालयहरुको अनुगमन गरी निर्देशिकाले तोके अनुसार अध्ययन शुल्क निर्धारण गर्नुपर्नेमा अनुगमन गरी सो अनुसारको कार्य गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **शिक्षक दरवन्दी**<br>सार्वजिनक खरिद नियमावली 2064 को नियम 9 मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु र नियम 10 निर्माण कार्यको लागत अनुमान सम्बन्धी व्यवस्था छ । कार्यालयले तयार गरेको विस्तृत लागत अनुमान प्रतिवदेन अनुसार 17729701।- रहेको सिद्धार्थ नमुना मा.बि. भवन निर्माण कार्य सम्वन्धमा देखिएका व्हयोराहरु निम्नानुसार छन्<br>:<br>शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदाँ नं.३ क बमोजिम शिक्षा नियमावली, २०५९ अनुसार कायम भएको शिक्षक विद्यार्थी अनुपात र नियमावलीको अनुसुची-१२ बमोजिम विद्यालयमा रहनुपर्ने दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको आधारमा स्थानीय तहमा शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचान गरी शिक्षक दरबन्दी मिलान गर्ने र कार्यविधीको बुदाँ नं. 12 अनुसार मन्त्रालय तथा प्रदेशले गरेको दरबन्दी मिलानमा स्थानीय तहले सहजिकरण गर्ने उल्लेख छ । गाउँपालिकाले आफु मातहत रहेका मौजुदा विद्यालयहरुमा आवश्यक दरबन्दी पुनरावलोकन सम्बन्धमा कुनै पहल गरेको छैन। पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा तोकिएको मापदण्ड अनुरुप शिक्षक पदपुर्ति गराई नियमित पठन पाठन गराउनुपर्दछ। | |
| ५७ | | | **शिक्षक अनुदान**<br>सार्वजिनक खरिद नियमावली 2064 को नियम 9 मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु र नियम 10 निर्माण कार्यको लागत अनुमान सम्बन्धी व्यवस्था छ । कार्यालयले तयार गरेको विस्तृत लागत अनुमान प्रतिवदेन अनुसार 17729701।- रहेको सिद्धार्थ नमुना मा.बि. भवन निर्माण कार्य सम्वन्धमा देखिएका व्हयोराहरु निम्नानुसार छन्<br>:<br>शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७8 को क्रियाकलाप नं 1.1.3.4 अनुसार स्थानीय तहले केन्द्रको च.नं. 189 मिति 2076।11।12 को पत्र र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, 2076 अनुसार शिक्षक दरबन्दी अद्यावधिक गरी कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण एकिन गरी शिक्षा विकास तथा समन्वय इकाइ मार्फत वा अद्यावधिक विवरण अनुसार दरबन्दी, राहत र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुलाइ विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलव्ध गराउने व्यवस्था छ। कार्यालयले निजी शिक्षक भर्ना/ नियुक्ति गरी गाउँपालिका तर्फ वित्तीय समानिकरणबाट 39 विद्यालयहरुको लागि रु.2,35,08,696।- भुक्तानी गरेको छ भने गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा दरबन्दी अनुसार सःशर्त अनुदान तर्फबाट शिक्षक तलब भत्तामा रु. 6,34,29,939।- खर्च लेखेको छ। विद्यालय शिक्षक दरबन्दी मिलान नगरी दरवन्दी नै कायम नभएका शिक्षकलाई तलब भत्ता निकासा दिएको तथा कूल शिक्षक दरबन्दी र विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने भए मात्र प्रतिस्पर्धात्मक तवरले छनौट गरी शैक्षिक गुणस्तर अभिबृद्धि हुने आश्वस्तता गरेर मात्र शिक्षक नियुक्ति गर्नुपर्दछ | |
| ५८ | | | **शैक्षिक गुणस्तर** | |
| ५८.१ | | | कार्यालयले मिति २०७७ असोज देखी २०७८ बैशाखसम्म उक्त कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पेशागत विकासका लागि शैक्षिक परामर्श तथा छलफल कार्यको अनुगमन गरेको भनी निम्न पदाधिकारीहरुले निम्नानुसार भत्ता बुझिलिएकोमा कुन कार्यको अनुगमन गरेको र अनुगमन गर्न कति पदाधिकारी आवश्यक पर्ने सो कुरालाई समेत मध्यनजर नगरी प्रतिवेदन समेत तयार नगरी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। | |

| पदाधिकारीको नाम | दिन | रकम |
|---|---|---|
| संयोजक शेरबहादुर डाँगी | 7 | 5950 |
| प्रा.स अंगद बहादुर वली | 7 | 5950 |
| शिक्षा अधिकृत सीतादेवी शर्मा | 7 | 5950 |
| शिक्षा क.अ हरि बहादुर खड्का | 7 | 5950 |
| शिक्षक नारायण पण्डित | 7 | 5950 |
| शिक्षक भनसिंह वली | 7 | 5950 |
| शिक्षक तिलकराम वली | 7 | 5950 |
| शिक्षक पोषणराज रिजाल | 7 | 5950 |
| शिक्षक लिलमान डाँगी | 6 | 5100 |
| अध्यक्ष विर बहादुर खत्री | 7 | 5950 |
| प्र.प्र.अ शालिकराम बस्नेत | 7 | 5950 |
| ले.अ भरत बस्नेत | 7 | 5950 |
| | | 70550 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा | |
| ५८.२ | | | गो.भौ.नं. 98-2078।3।21 कार्यालयले विद्यालयमा शैक्षिक गुणस्तर सुद्दढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत बार्षिक तथा चौमासिक प्रतिवेदन तयारी, स्थानीय तहका सबै विद्यालयहरुमा आइ.इ.एम.आइ.एस मा शैक्षिक तथ्याङ्क अद्यावधिक गर्नका लागि प्राविधिक सहायता र स्थानीय तहका विद्यालय शिक्षकहरुको डाटा वेश तयारी र अनुगमन तथा गाउँ शिक्षा योजना तयारी कार्य भनी निम्न कर्मचारीहरुलाई रु.71000। भत्ता भुक्तानी गरेकोमा सो कार्यको प्रगति, अनुगमन प्रतिवेदन र अनुगमनको क्रममा देखिएका कैफियत पेश नगरी भत्ता बुझेको देखियो । आइ.इ.एम.आइ.एस मा शैक्षिक तथ्याङ्क अद्यावधिक गर्ने कार्यालयको नियमित कार्यमा समेत भत्ता भुक्तानी गरेकोले नपाउने भत्ता असुल हुनुपर्ने रु. | ६०,३५० |

| कर्मचारीको नाम | भत्ता रकम करबाहेक |
|---|---|
| शिक्षा संयोजक शेर बहादुर डाँगी | 12750 |
| शिक्षा अधिकृत सीतादेवी शर्मा | 12750 |
| प्रा.स अंगबहादुर वली | 12750 |
| शिक्षा क.अ हरि बहादुर खड्का | 11900 |
| प्र.प्र.अ शालिकराम बस्नेत | 5100 |
| लेखा अधिकृत भरत बस्नेत | 5100 |
| जम्मा | 60350 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **बढी निकासा**<br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ। नमुना छनौट गरी 14 विद्यालयको चौमासिक निकासा माग फाराम भिडान गर्दा कार्यालयले निम्न विद्यालयहरुलाई रु. 3,22,009।- बढि निकासा भएकोले सो रकम असुल हुनुपर्नाको साथै बाँकि विद्यालयको हकमा कार्यालयबाट छानविन गरी असुल हुनुपर्ने रु<br><br><table><tr><td>क्र.स</td><td>विद्यालयको नाम</td><td>बढी निकासा</td><td>कैफियत</td></tr><tr><td>1</td><td>सिद्ध नि.मा.वि</td><td>9602</td><td>दोश्रो चौमासिक निकासा</td></tr><tr><td>2</td><td>बुद्धि विकास मा.वि रातामाटा</td><td>300762</td><td>दोश्रो चौमासिक निकासा</td></tr><tr><td>3</td><td>राष्ट्रिय मा.वि मेलडाडी</td><td>11645</td><td>दोश्रो चौमासिक निकासा</td></tr><tr><td>4</td><td>बुद्धि विकास मा.वि रातामाटा</td><td>210570</td><td>तेश्रो चौमासिक निकासा</td></tr><tr><td></td><td></td><td>532579</td><td></td></tr></table> | ५३२,५७९ |
| ६० | | | **विद्यालय निकासा**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं. 2.6 अनुसार स्थानीय तहले प्राविधिक तथा व्यवसायिक धार (कक्षा ९-12) सञ्चालन भएका विद्यालयहरु तोकिएको मापदण्ड अनुरुप सञ्चालन व्यवस्थापन भए नभएको अनुगमन गरी यस प्रकारका विद्यालयहरुमा अध्ययनरत विद्यार्थी सङ्ख्या एकिन गरी शिक्षण सिकाइ सामग्री, ल्याव असिष्टेन्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्रीहरु व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रु.15,000। को दरले हुन आउने रकम एकमुष्ट अनुदानका रुपमा विद्यालयलाई अनुदान दिने उल्लेख छ। कार्यालयले कार्यान्वयन पुस्तिका अनुसारको अनुगमन तथा विद्यार्थी संख्या एकिन नगरी बुद्धिविकास मा.वि रातमाटालाई रु.2500000। निकासा दिएको नियमसम्मत नदेखिएको रु. | २,५००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **सेनेटरी प्याड खरिद**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम 84(1) मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने व्यवस्था गरेको छ । कार्यालयले मिति 207८ जेष्ठ २8 गते सेनिटरी प्याड खरिद तथा ढुवानी गर्न रु.17,16,000।- को लागत अनुमान तयार गरी बोलपत्र आव्हवान गरेकोमा भैरब फर्मास्यूटिकल्सबाट प्रति प्याड रु.51।87 को दरले 32,380 प्याडको रु.16,79,453। (भ्याट समेत) मा कबोल गरी खरिद गरेको गरेको छ। कोभिड १९ को कारण विद्यालयहरु बन्द भएको अवस्थामा कार्यालयले बजेट फ्रिज नगर्ने उद्देश्यले खरिद गरेको तथा खरिद भएको सेनेटरी प्याड वितरण नभई जिन्सीमा नै रहेको नियमसम्मत नदेखिएको रु. | १,६७९,४५३ |
| ६२ | | | **सुरक्षा सामग्री अनुदान**<br>कोभिड-19 को कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन प्रक्रियाको क्रियाकलाप नं.१.5 अनुसार स्थानीय तहले विद्यालयमा स्वास्थ्य सुरक्षा सामग्री व्यवस्थापन गर्न विद्यालयमा अध्ययनरत पूर्व प्राथमिक कक्षा देखी कक्षा १२ सम्मका विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी रु.200। को दरले हुन आउने रकम विद्यालयलाई अनुदान दिने उल्लेख छ। गो.भौ.नं.167-2078/3/24 कार्यालयले कोभिडको कारण विद्यालयहरु बन्द भएको अवस्थामा प्रति विद्यार्थी रु.200। को दरले 40 विद्यालयलाई रु.17,98,200। खर्च लेखेको छ। भौतिक रुपमा पठन पाठन नभएको अवस्थामा यसरी प्रदान गरिएको रकमको उपयोग सम्बन्धमा कार्यालयबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु. | १,७९८,२०० |

| क्र.स | विद्यालयको नाम | रकम |
|---|---|---|
| 1 | विरेन्द्र मा.वि नाउली | 113200 |
| 2 | जीवनज्योती मा.वि देउल्टाकुरा | 142000 |
| 3 | नेपाल राष्ट्रिय मा.वि सिमखोला | 101200 |
| 4 | सिद्धार्थ मा.वि घोप्टेओडार | 96400 |
| 5 | बुद्धिविकास मा.वि रातामाटा | 103200 |
| 6 | | 83000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पृथ्वी नारायण मा.वि जायाचौर | | | |
| | | | | 7 | गंगा मा.वि चौताराडाँडा | 87000 | | |
| | | | | 8 | राष्ट्रिय मा.वि ओत | 96000 | | |
| | | | | 9 | नेपाल राष्ट्रिय आ.वि रातामाटा | 55200 | | |
| | | | | 10 | जनताविकास आ.वि सुपाटोट्के | 60000 | | |
| | | | | 11 | गणेश आ.वि बडाढुङ्गा | 28200 | | |
| | | | | 12 | सरस्वती आ.वि म्वालेखोला | 61400 | | |
| | | | | 13 | सिद्धार्थ आ.वि ओइलाम | 38000 | | |
| | | | | 14 | सरस्वती आ.वि बल्लेपोखरी | 60600 | | |
| | | | | 15 | बालबोध आ.वि झाक्रिसल्ला | 42000 | | |
| | | | | 16 | सिद्ध आ.वि बसारेचौर | 65200 | | |
| | | | | 17 | कृष्ण आ.वि घरविर | 20800 | | |
| | | | | 18 | भगवति आ.वि कुकुरगारे | 29800 | | |
| | | | | 19 | जनता आ.वि बिबाङ्चौर | 50200 | | |
| | | | | 20 | जनप्रेम आ.वि सल्लीचौर | 66600 | | |
| | | | | | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | 21 | सिद्ध प्रा.वि रहमाई | 15400 | | |
| | | | | 22 | बागेश्वरी प्रा.वि गौरीडाँडा | 17200 | | |
| | | | | 23 | ने.रा.प्रा.वि लाखुरीचौर | 29800 | | |
| | | | | 24 | जनचेतना प्रा.वि लोदचौर | 32400 | | |
| | | | | 25 | अमरसत्य प्रा.वि | 24000 | | |
| | | | | 26 | गराँसेतारा प्रा.वि आरुचौर | 13600 | | |
| | | | | 27 | जनता प्रा.वि उन्नेचौर | 21400 | | |
| | | | | 28 | बालकल्याण प्रा.वि हिलेचौर | 12000 | | |
| | | | | 29 | लोक कल्याण प्रा.वि चामी | 6200 | | |
| | | | | 30 | सिद्धेश्वरी प्रा.वि घरेलीडाँडा | 27800 | | |
| | | | | 31 | लोकतन्त्र प्रा.वि | 28600 | | |
| | | | | 32 | दशरथ विन्दु प्रा.वि | 49800 | | |
| | | | | 33 | इन्द्रसेवक प्रा.वि | 40600 | | |
| | | | | 34 | प्रगतिशिल प्रा.वि | 8000 | | |
| | | | | 35 | जनचेतना प्रा.वि | 7200 | | |
| | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | 36 | ज्ञानकुञ्ज प्रा.वि | 11400 | | |
| | | | | 37 | ब्रमासिद्ध प्रा.वि | 15800 | | |
| | | | | 38 | खगेन्द्रजन प्रा.वि | 6000 | | |
| | | | | 39 | जनविकास प्रा.वि नेटापरी | 24200 | | |
| | | | | 40 | गौरामाथी बा.वि केन्द्र | 6800 | | |
| | | | | | जम्मा | 1798200 | | |
| ६३ | | | **प्रगति प्रतिवेदन**<br>कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन। | | | | | |
| ६४ | | | **औषधी खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा ब◌ीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । कार्यालयले सिलबन्दी दरभाउ पत्र मार्फत रु.17,49,997।, र सोझै खरिद मार्फत रु.8,03,557। समेत रु.25,53,554।-को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन् ; | | | | | |
| ६४.१ | | | खरिद गरेका औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | | | | | |
| ६४.२ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४.३ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ६४.४ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेकोले औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख नराखेको, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन नगरी हस्तान्तरण गरेको छ । औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **औषधि परीक्षण**<br>प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि भन्ने लोगो लगाउनुपर्ने व्यवस्था छ ।खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधी तथा सर्जिकल सामानहरु परीक्षण गर्दा कतिपयमा नि:शुल्क वितरणको लोगो नलगाएको र कतिपय औषधिहरुमा मूल्य अंकित भएको र सप्लाइ अवधि देखि ६ महिना भन्दा कम अवधिको म्याद भएको पाइयो। जुन स्वीकृत लोगो भन्दा फरक रहेको देखिन्छ। निर्देशिकाले निर्दिष्ट गरेको विषयलाइ पालना गर्ने सम्बन्धमा कार्यालयको ध्यान जानु जरुरी छ। | |

| क्र.स | औषधिको नाम | म्याद समाप्त हुने मिती | कैफियत |
|---|---|---|---|
| 1 | Scurvit-vitc | April 2023 | Rs 70/10 tabs |
| 2 | Inj Doclofinac 25mg | August 2023 | Rs 468/ampule |
| 3 | Tab calcium and vit D3 | August 2022 | 46/15 tabs |
| 4 | Pantaprazole 40 mg | October 2022 | Rs 80/10 tabs |
| 5 | Azithromycine tabs | December 2022 | Rs 90/3 tabs |
| 6 | Levocetrizine 5mg | September 2022 | Rs 60/10 tabs |
| 7 | Chlorphenenamine meleate | May 2023 | Institution supply |
| 8 | Ranitidine 150mg | December 2022 | Institution supply |
| 9 | Vitamin B complex | April 2023 | Institution supply |
| 10 | Amoxycilline 500mg | October 2022 | Institution supply |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६६ | | | **बढी तलब खर्च**<br>कार्यालयले साउन, भदौ, असोजको तलब भत्ता र चाडवाड समेत गो.भौ.नं. 8-2077।7।2 20,03,703। खर्च लेख्नुपर्नेमा रु.20,06,364। खर्च लेखेकोको छ। तलबी भरपाई अनुसार अहेब जीवन थापालाई रु.1,13,852।- भुक्तानी दिनुपर्नेमा रु.1,12,095। भुक्तानी दिएको र विमला के.सिलाई रु.1,22,194। भुक्तानी दिनुपर्नेमा रु.1,26,629। भुक्तानी गरेकोले रु.2,661। बढी खर्च भएको रकम असुल हुनुपर्ने रु. | २,६६१ |
| ६७ | | | **बढी तलब खर्च**<br>गो.भौ.नं.11-2077।10।22 कार्यालयको कर्मचारी श्री उमा खड्का मिति 2077।9।28 मा रमाना भई सरुवा भएकोमा निजको रमानामा मिति 2077।६।31 सम्म मात्र तलब भत्ता भुक्तानी भएको उल्लेख भएता पनी कार्यालयले २०७७ पौष महिना सम्मको रु.1,15,001।- तलब भत्ता भुक्तानी गरेको छ। निज कर्मचारीले हाल कार्यरत कार्यालयबाट कार्तिक देखी पौष सम्मको तलब भत्ता भुक्तानी नलिएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | ११५,००१ |
| ६८ | | | **व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा शिविर**<br>कार्यालयमा मौजुदा भएको जनशक्तिले सम्पन्न गर्न सक्ने कार्य कार्यालयकै जनशक्ति प्रयोग गरी गर्नुपर्दछ। गो.भौ.नं. 115-2078।3।22 कार्यालयले युनिक कम्प्यूटर्स एण्ड डिजिटल प्रिन्टङ सेन्टरसंग सम्झौता गरी प्रत्येक वडामा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा शिविर सञ्चालन गरे बापत रु.624890। खर्च लेखेको छ। सात वडा रहेको गाउँपालिकामा शिविर सञ्चलान अवधिमा २७७ जना मात्र सेवाग्राहीलाई सेवा दिएको प्रतिवेदन परामर्शदाताले पेश गरे अनुसार कार्यालयकै मौजुदा जनशक्तीले गर्न सक्ने कार्य परामर्शदाताबाट गराएको उचित नदेखिएको रु. | ६२४,८९० |
| ६९ | | | **पकेट क्षेत्र विकास**<br>प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यक्रममा गाउँपालिकाको ५० प्रतिशत अनुदान र कृषकको ५० प्रतिशत अनुदान रहने गरी कार्यालयले मिति २०७७। १२।१२ मा सितलबस्ती अदुवा उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम कृषक समुह संग सम्झौता गरेको छ। उक्त पकेट क्षेत्र विकास कार्यमा रु.23,56,010। खर्च भएको अवस्थामा सम्झौता अनुसार रु.११,७८,005।– भुक्तानी गर्नुपर्नेमा गो.भौ.नं.118-2078।3।32 बाट रु.11,86,700। भुक्तानी भएकोले बढी भुक्तानी रु.8,695। असुल हुनुपर्ने रु. | ८,६९५ |
| ७० | | | **अनुदानको अनुगमन**<br>कार्यालयले आफुले दिएको अनुदानको रकमबाट भए गरेको कामको सुनिश्चितताको लागि अनुगमन गर्नुपर्दछ । निम्न कामको लागि विभिन्न कृषक समुहहरुलाई लागत सहभागिताको आधारमा खरिद सामाग्रीको ५०% का दरले विलको आधारमा भुक्तानी दिएको छ । यसरी खरिद गरी वितरण भएका विरुवा रोपण भए भएनन्, रोपण | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | गरिएका विरुवा सरे सरेनन् सोको अनुगमन तथा मूल्याँकन कार्यालयबाट भएको छैन। कार्यक्रम सञ्चालन गर्नुपुर्व प्रस्तावित कार्यक्रम वातावरणीय तथा भौगोलिक रुपले उपयुक्त रहे नरहेको यकिन गरी कृषकहरुलाई तालिम प्रदान गरेर कार्यक्रम सञ्चालन गरिनुपर्दछ । | |

| सि.नं. | विद्यालयको नाम | अनुदानको विवरण | रकम |
| --- | --- | --- | --- |
| 1 | 50प्रतिशतमा अनुदानमा ओखर खेती कार्यक्रम | समाजसेवी कृषक समुह | 129289 |
| 2 | 50प्रतिशतमा अनुदानमा ओखर खेती कार्यक्रम | झलक स्मृति कृषक समुह | 150412 |
| 3 | 50प्रतिशतमा अनुदानमा ओखर खेती कार्यक्रम | थापा कृषक समुह | 175480 |
| 4 | 50प्रतिशतमा अनुदानमा ओखर खेती कार्यक्रम | सिमचौर लालीगुँरास कृषक समुह | 250687 |
| 5 | 50प्रतिशतमा अनुदानमा ओखर खेती कार्यक्रम | आधुनिक लालीगुँरास कृषक समुह | 175480 |
| 6 | 50प्रतिशतमा अनुदानमा ओखर खेती कार्यक्रम | उद्यमशिल कृषक समुह | 125343 |
| 7 | 50प्रतिशतमा अनुदानमा ओखर खेती कार्यक्रम | शिवगुफा कृषक समुह | 225618 |
| 8 | 50प्रतिशतमा अनुदानमा ओखर खेती कार्यक्रम | लक्ष्मी कृषि फर्म | 200550 |
| 9 | किवि पोल व्यवस्थापन | सिमा किवि फलफुल नर्सरी | 100000 |
| 10 | किवि पोल व्यवस्थापन | कमल कृषि फर्म | 100000 |
| 11 | सिचाई पोखरी मर्मत | प्रभु कृषि फर्म | 100000 |
| 12 | टनेल निर्माण | रमाइलो विउविजन उत्पादन फर्म | 100000 |
| 13 | | | 1832859 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा | |
| ७१ | | | **सुरक्षित नागरिक आवास**<br>सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को बुँदा नं ७ अनुसार स्थानीय तहको प्राविधिकबाट अनुसुची-३ बमोजिमको प्रतिवेदन पेश भई स्थानीय तहले प्रमाणित गरेपश्चात कार्य सम्पन्न भएको मानिने उल्लेख छ। गो.भौ.नं. १४१-2078।3।23 कार्यालयले प्राविधिकको नापि तथा कार्यसम्पन्न प्रतिवेदन विना १०० जनालाई दोश्रो किस्ता बापत रु.22530।— को दरले रु.2253000। भुक्तानी गरेको छ। कार्यविधिको पालना गरी भुक्तानी दिने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ७१.१ | | | सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को बुँदा नं ६ अनुसार किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलव्ध गराएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुलउपर गर्नुपर्ने उल्लेख छ। कार्यालयले आ.ब 2076/77 मा रु.25520। र दोश्रो किस्ता बापत आ.ब.2077/78 मा रु.22530। गरी जम्मा रु.48050।- झुपा भण्डारीलाई अनुदान उपलव्ध गराएकोमा अनुदान अनुसारको कार्य नगरेको र निज गाउँबाट बसाइसराई गरी गएको अवस्थामा दोश्रो किस्ता समेत भुक्तानी भएको असुल हुनुपर्ने रु. | ४८,०५० |
| ७१.२ | | | कार्यालयले यस बर्ष सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत १२० घर निर्माणको लागि प्रथम किस्तामा प्रति घर रु.23,233। को दरले रु.27,88,000।- निकासा गरेको छ। कार्यविधि अनुसार घर निर्माण सम्पन्न गराई प्राविधिक चेकजाँच पश्चात मात्र भुक्तानी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ७२ | | | **स्वीकृत खर्च प्रमाण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(6) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, र प्रभावकारिता कायम गर्नुपर्ने उल्लेख छ। गो.भौ.नं.188-2078।3।26 कार्यालयको नीतिगत व्यवस्थापन खर्च भनी रु.1,00,000। खर्च लेखेकोमा सो खर्चलाई पुष्टाई गर्ने विल भरपाई श्रेस्तासाथ संलग्न नरहेको रु | १००,००० |
| ७३ | | | **लैङ्गिक हिंसा निवारण कोष**<br>शशर्त शिर्षकमा आएको अनुदान रकम अन्य कोषमा ट्रान्सफर गर्न मिल्दैन। कार्यालयले गो.भौ.नं.193-2078।3।26 संघिय सरकार हस्तान्तरित चालु शशर्त शिर्षकबाट लैङ्गिक हिंसा निवारण कोषमा रु.१,00,000।- ट्रान्सफर गरेको छ । उक्त कोषको संचालन सम्बन्धमा गाउँपालिकाबाट कुनै ऐन कानूनको व्यवस्था नगरेको र शशर्त अनुदानबाट लैङ्गिक हिंसा निवारण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम संघिय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु | १००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **तालीमवाट उत्पादित सामान**<br>व्यवसायिक तथा सीप विकास तालिम (व्यवस्थापन तथा संचालन) कार्यविधि,२०77 को बुदा 17 मा प्रदेश सरकार तथा स्थानीय सरकारले सञ्चालन गरेको तालिम कार्यक्रमबाट उत्पादित मालसामानको छुटै जिन्सी खाता राखी विक्री परिमाण, विक्रि रकम र सो रकम राजश्व दाखिला दुरुस्त देखिने गरी सम्बन्धीत निकायले अभिलेख राख्नुपर्ने उल्लेख छ। कार्यालयले यो वर्ष उद्दमसिलता विकास तालीम अन्तर्गत रु.14,18,150।- खर्च लेखेकोमा तालीमवाट उत्पादित सामाग्रीहरुको अभिलेख राखी विक्रि गरी राजश्व आम्दानी गर्ने गरेको छैन । उत्पादित सामाग्रीहरुको अभिलेख राखी विक्रीबाट आम्दानी वृद्धि गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ७५ | | | **पारिश्रमिक आयकर**<br>आयकर ऐन, २०५८ को दफा ८७ (1)अनुसार आयमा लाग्ने पारिश्रमिक करको गणना गर्दा करयोग्य आयको पहिलो एकलाखमा 10 प्रतिशत, दोश्रो २ लाखमा २० प्रतिशत, पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था छ ।स्वास्थ्य संस्थामा कार्यरत निम्न कर्मचारीहरुको पारिश्रमिक कर गणना गर्दा ऐन बमोजिम रु.39,418।- करकट्टि गर्नुपर्नेमा रु.13,५००।- मात्र पारिश्रमिक कर कट्टा गरेकोले नपुग पारिश्रमिक कर रु. 25,918।– असुल गर्नुपर्ने रु. | १८,७२० |

| क्र.स | कर्मचारीको नाम थर | बार्षिक आय | आयकर छुट रकम | कर योग्य आय | गर्नुपर्ने कट्टि | गरेको कट्टि | नपुग कर |
|---|---|---|---|---|---|---|---|
| 1 | अ.ह.ब छैठौ सकलदेव यादव | 661478 | 599016 | 62462 | 14190 | 4500 | 9690 |
| 2 | रोजगार संयोजक खिमा कुमारी पाण्डे | 525150 | 480000 | 45150 | 9015 | 4500 | 4515 |
| 3 | सुचना प्रविधि अधिकृत प्रेम प्रकाश वली | 525150 | 480000 | 45150 | 9015 | 4500 | 4515 |
| | | | | | 32220 | 13500 | 18720 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा भवन मर्मत, बाटो मर्मत तथा सोलिङ वाल निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष 299 जनालाई रोजगारी उपलब्ध गराई रु.1,07,73,673। खर्च गरेको छ । लक्षित वर्गलाई औषतमा 64 दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला,प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६.१ | | | स्थानीय तह मातहत रहने रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई सार्वजनिक क्षेत्रका कार्यक्रम तथा आयोजनामा श्रृजना हुने रोजगारीमा संलग्न गराउने र यसका लागि समुदायस्तरमा स-साना रोजगारीमूलक आयोजनाहरु संचालन गरी सूचिकृत बेरोजगार व्यक्तिलाई काममा लगाउने र यस्तो कामको लागि पारिश्रमीक प्रदान गर्ने उद्धेश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन भएको हो । श्रममा आधारित यस कार्यक्रममा मेशिनरी उपरकण प्रयोग गरी काम गराउन नहुनेमा निम्न योजनाहरुको प्राविधिक मूल्याँकन पश्चात निम्न भौचरबाट रु.28,00,000।- भुक्तानी भएको छ । भुक्तानीको लागि पेश भएको कागजात अनुगमन गर्दा डोर हाजिर र सम्पन्न कामको फोटो पेश भएकोमा डोजर प्रयोग गरी बाटो निर्माण गरेको फोटो पेश गरेकोले कार्यक्रम र कार्यविध अनुरुप काम भएको नदेखिएको रु. | ३,५००,००० |

| गो.भौ.नं. मिति | रोजगार उ.स | लागत अनुमान | भुक्तानी |
|---|---|---|---|
| 70-2078।3।12 | भिरगाउँ सिमखोला मो.बा नि.उ.स | 924881 | 900000 |
| 94-2078।3।31 | जनचेतना प्रा.वि खर्क सानडाडा मोटरबाटो निर्माण उ.स | 707981 | 700000 |
| 100-2078।3।21 | मुलागैरा जनता आ.वि विवाङ मोटरबाटो निर्माण उ.स | 403627 | 400000 |
| 156-2078।3।24 | चौतराडाँडा लोदचौर सम्म बाटो ग्राभेल उ.स | 717423 | 700000 |
| 164-2078।3।24 | मालु हुदै भाङ्गाचौर जोड्ने मोटरबाटो निर्माण उ.स | 607914 | 600000 |
| 168-2078।3।24 | वडा नं. २ का सबै बाटो सरसफाई उ.स | 200000 | 200000 |
| | जम्मा | | 3500000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६.२ | | | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यालयले मालेखोला तटबन्धन कार्यको लागि रु.5,04,186।– को लागत अनुमान तयार गरी मालेखोला फिल्ड तारजाली निर्माण उपभोक्ता समितिसँग सम्झौता भई गो.भौ.नं. 85-2078।3।17 बाट रु.5,00,000।- भुक्तानी भएकोमा निम्नानुसार भएको पाइयो : • मिति २०७७।१२।१ मा योजनाका अध्यक्ष कृष्ण बहादुर खत्री र कार्यालय विच भएको सम्झौता अनुसार सो कार्य 2077।12।5 देखी 2078।2।15 सम्म कार्य सम्पन्न गर्ने सम्झौता भएकोमा सम्पन्न भएको देखिने गरी प्राविधिकले नापि तथा कार्यसम्पन्न प्रतिवेदनमा मिति नखुलाएको, • मालेखोला तार जाली निर्माण उपभोक्ता समितिका अध्यक्ष रमेश कुमार खत्रीले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत भएको कार्य २०७८।१।२१ मा खोलामा आएको बाढिले क्षति पुर्‍याएको भनी प्रहरी चौकी पाखापानीमा निवेदन दिएको र प्रहरीले सोही निवेदनको आधारमा परीक्षण गर्दा उक्त स्थानमा ११२ मिटर लम्बाइको जाली खोलाले बगाएको मुचुल्का तयार गरी कार्यालयलाई पेश गरेको, • योजना शाखा प्रमुख कृष्ण बहादुर घर्तिले योजनाको अनुगमन प्रतिलिपिमा योजना अनुगमन नभएको र प्रहरी मुचुल्काको आधारमा मात्र भुक्तानी दिन नहुने राय पेश गरेको, अत: कार्यालयसँग सम्झौता गर्ने उपभोक्ता समिति र बनेको संरचनामा बाढिले क्षति भएको निवेदन प्रहरी कार्यालयमा बुझाउने उपभोक्ता समितिका अध्यक्ष फरक फरक रहेको, प्राविधिकबाट योजनाको नापजाँच र कार्यसम्पन्न भएको मिति नखुलाएको र योजना शाखाबाट योजनाको अनुगमन नभएको भनी राय पेश गरेको अवस्थामा खर्च भुक्तानी गरेको उचित नदेखिएको रु. | ५००,००० |
| ७७ | | | **सामाजिक सुरक्षातर्फ** | |
| ७७.१ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदा नं. १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाईं प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ ।कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन।कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७७.२ | | | गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाको कुनै पनि वडा समितिले नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन । गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ । | |
| ७७.३ | | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को परिच्छेद ३ को बुँदा १० मा स्थानीय तहले भत्ता पाउने लाभाग्राहीको फोटो सहितको अनुसुची -५ वमोजिम मुल अभिलेख अध्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ ।वडा अनुसारको अध्यावधिक विवरण गाउंपालिकाले कार्यविधिको नियम १६(क) वमोजिम पेश्कीको रुपमा प्रथम चौमासिकको रकम असोज १ गतेवाट दोस्रो हप्ता सम्म, दोस्रो चौमासिकको रकम माघको १ गतेवाट दोस्रो हप्ता सम्म र तेस्रो चौमासिकको रकम जेठको १ गतेवाट दोस्रो हप्ता सम्म निकासा दिनुपर्ने व्यवस्था छ । यो वर्ष सामाजिक सुरक्षा वापत गाउँपालिकाले रु.4,42,46,963 खर्च गरेको छ । कार्यालयले सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्र्योट भएपश्चात दोश्रो र दोश्रो किस्ता फछ्र्योट गरी तेश्रो किस्ता निकासा दिई फछ्र्योट गर्नुपर्नेमा बैङ्कलाई निकासा दिएको रकम सोझै खर्च जनाएको छ।सोझै खर्च जनाई सामाजिक सुरक्षा वितरण गर्दा वितरण नभई बाँकी रहेको रकम बैङ्कमा एक आर्थिक बर्ष सम्म नै रहन सक्ने हुदाँ पेश्की जनाई सोको फछ्र्यौट गरी थप निकासा गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ। | |
| ७७.४ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) अनुसार बैकहरुले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण (अनुसुचि १३) चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतिय माध्यममा अनिवार्य पठाउनुपर्ने उल्लेख छ ।यसरी पठाएको विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख भएकोमा बैकहरुले सो अनुसुचि -१३ पालिकामा पठाएको पाइएन ।जसले गर्दा पेश्की दिएको रकम मध्ये कति वितरण भई कति बाँकी रहेको छ भनी एकिन हुन सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७७.५ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम ४७ मा पेश्की दिने र तोकिएको म्याद भित्र फछ्र्यौट गर्ने सम्वन्धी व्यवस्था छ ।सामाजिक सुरक्षा भत्ताको आ.ब 2076/76 मा तेस्रो किस्तावापत वडा नं 1,4,5,७ को लागी पेश्की रु.७३,52,000।- दिइएको गा.पा चालु भौ.न. 37/2077/9/14 पेश्की फछ्र्यौट रु.7352000।-मध्ये कोष तथा लेखा नियन्त्रक कार्यालय रोल्पा मा रु .2,57,000।-फिर्ता गरी रु 70,९५,000।–नगद वितरण गरेको छ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् । • सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन • सार्वजनिक सुनुवाई तथा मुचुल्का तयार नगरी 280 जनाको रु.28,72,000 आफन्तलाई नाताप्रमाणित वेगर नगद वितरण गरेकोले रकम लाभग्राहीले प्राप्त गरे भनी आश्वस्त हुन सकिएन। • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ अनुसार बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने उल्लेख भएकोमा कार्यालयले 4 वडामा हातहातै नगद रु. 70,९५,000। -वितरण गरेको छ। कार्यविधि अनुसार १३ अंकको परिचय पत्र नं कार्यालयले उपलव्ध गराएको मुल अभिलेख र वितरणको भरपाइमा समेत परिचय पत्र नं नराखी खर्च रु.70,95,000- लेखेकोले सवै लाभग्राहीहरु वास्तविक लाभग्राही हुन भन्ने कुरामा विश्वस्त हुन सकिएन।यस सम्बन्धमा कार्यालयबाट छानविन गरी एकिन गर्नुपर्ने । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **वडा समितिको भत्ता**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ८ अनुसार वडा समितिको बैठकमा रहने पदाधिकारी र कर्मचारीले मात्र भत्ता पाउने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले वडा समितिमा रहने पदाधिकारी र कर्मचारी बाहेकका व्यक्ती र सोही दिनमा कार्यपालिकाको बैठकमा समेत उपस्थित भएकाहरुलाई भत्ता उपलव्ध गराएकोले नपाउने यस प्रकारको भत्ता रु.73100। असुल गर्नुपर्ने रु. | ७३,१०० |

| गौ.भौ.न /मिति | भत्ता बुझ्नेको नाम र पद | वडा न. | रकम करकट्टी १५ प्रतिशत वाहेक | कैफियत |
|---|---|---|---|---|
| 280/2078-3-16चालु | अ.स.ई पवनकुमार पुन | 5 | 7650 | |
| 293/2078-3-16 चालु | भे.प्राविधिक कमल प्रकाश वली | 5 | 4250 | |
| 297/2078-3-16 चालु | कार्यपालिका सदस्य कुसल कामी | 7 | 30600 | कार्यपालिकाको बैठकमा समेत भत्ता बुझिलिएको ले दोहोरो भएको |
| 298/2078-3-16 चालु | कार्यपालिका सदस्य चमेली घर्ति | 3 | 30600 | कार्यपालिकाको बैठकमा समेत भत्ता बुझिलिएको ले दोहोरो भएको |
| जम्मा | | | 73100 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७९</td><td></td><td></td><td>अतिरिक्त सुविधा<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली 2077 को नियम 134 मा कार्यालयले स्वीकृत विनियोजित बजेट बाहेक थप आर्थिक दायित्व हुने गरी निर्णय गर्दा वा गराउँदा वा त्यस्तो कुनै कार्य गर्नुपर्दा अर्थ मन्त्रालयको पुर्व सहमति लिनुपर्ने व्यवस्था छ।कार्यालयले मिति 2077/12/28 कार्यपालिकाको निर्णय अनुसार मिति 2077 माघ १ गतेदेखि लागु हुने गरी नि. प्र.प्र. अधिकृतलाई मासिक 10,000 सुविधा तथा कार्यपालिकाको मिति 2078/3/16 निर्णय अनुसार 207८ बैशाख १ गतेदेखि लागु हुने गरी प्राविधिक कर्मचारीलाई तलबस्केलको ४० प्रतिशत फिल्ड भत्ता सुविधा निम्न अनुसार दिइएको छ। नियामावली वमोजिम कार्यालयले स्वीकृत विनियोजित बजेट बाहेक थप आर्थिक दायित्व हुने गरी निर्णय गर्दा वा गराउदा वा त्यस्तो कुनै कार्य गर्नुपर्दा अर्थ मन्त्रालयको पुर्व सहमति लिनुपर्नेमा नलिएको साथै भुतप्रभावित निर्णय गरी खर्च लेखेकोले बढी व्ययभार परेको रु
<table>
<tr><th>खर्च प्रयोजन</th><th>अवधि</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>नि.प्र.प्र.अधिकृतलाई अतिरिक्त सुविधा</td><td>6 महिना</td><td>60000</td><td></td></tr>
<tr><td>नि.प्र.प्र.अधिकृतलाई अतिरिक्त सुविधा</td><td>6 महिना</td><td>60000</td><td>कार्यपालिकाको मिति 207७/6/22 निर्णय अनुसार 2077 श्रावण १ गतेदेखि लागु हुने गरी</td></tr>
<tr><td>फिल्ड भत्ता ७ कर्मचारी</td><td>3 महिना</td><td>236688</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>3,56,688</td><td></td></tr>
</table></td><td>३५६,६८८</td></tr>
<tr><td>८०</td><td></td><td></td><td>खर्च शिर्षक फरक<br>महालेखा नियन्त्रकको कार्यालयको एकीकृत आर्थिक सङकेत तथा वर्गीकरण र व्याख्या २०७४ को खर्च सङकेत २११११ मा कर्मचारीहरुले पाउने तलव कर्मचारी संचयकोष वार्षिक ग्रेडवृद्धी आयोजना अवधिभरको लागी वा स्वीकृत अस्थायी पदमा नियुक्ती भई काम गरेवापत ज्याला मेहननाता तथा अन्य पारिश्रमिक खर्च र वहालवाल कर्मचारीहरुको संचित विदा घर विदा विरामी विदा सट्टा विदा र चाडपर्व वापतको रकम समावेस गरेको छ।कार्यालयले गा.पा चालु भौ.न.453/2078-3-30 बाट रुखागैरी घामतारा लिफ्टखानेपानी योजना निर्माण गरेबापत रुखागैरी घामतारा लिफ्टखानेपानी उपभोक्ता समितिलाई सोही शिर्षकबाट रु4,51,222/- भुक्तानी गरेको छ। आर्थिक सङकेत तथा वर्गीकरण विपरित खर्च लेखेकोले नियमित नदेखिएको रु</td><td>४५१,२२२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८१ | | | **स्मार्ट कृषि गाउँ निर्माण कार्यक्रम**<br>सार्वजनिक खरिद नियमावली, २०६४ मा २० लाख सम्म लागत अनुमान भएको परामर्श कार्य मौजुदा सूचीवाट ३ देखि ६ परामर्शदाता कम्पनीको प्रस्ताव लिई कार्य गराउनु पर्ने व्यवस्था छ। साथै नियमावलीको नियम १२ अनुसार परामर्श सेवाको लागत अनुमान तयार गराउनु पर्ने व्यवस्था छ।कार्यालयले स्मार्ट कृषि गाउँ निर्माण कार्यको लागि पत्रद्धारा प्रस्ताव माग गरी परामर्श सेवा लिएकोमा लागत अनुमान तयार नगरेको, आ.ब 2076/2077 पन्चवर्षिय आवधिक योजना इनोभेटिक डेभलमेन्ट कन्सल्ट रोल्पाबाट निर्माण गरेकोमा आवधिक योजनामा सबै क्षेत्र समेटिनुपर्नेमा पुन इनोभेटिक डेभलमेन्ट रोल्पालाई छुट्टै स्मार्ट कृषि गाउँ निर्माण कार्यक्रम निर्माण गरी गा.पा कृषि भौ.न.2/2077-7-3 बाट रु.5,00,000।- र भौ.न.3/2077-7-3 बाट 9,96,465 गरी रु.14,96,465।- खर्च लेखिएकोमा कार्यक्रममा दोहोपना देखिएको छ। | |
| ८२ | | | **बैठक भत्ता खर्च**<br>लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद 2 बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले निम्न भौचरबाट निम्न संख्यामा पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तानी गरेको छ।अत खर्च लेख्न नपाउने यस प्रकारको खर्च कर कट्टी बाहेक असुल हुनुपर्ने रु | २५२,४५० |

| गौ.भौ.न /मिति | नाम थर र पद | बैठक संख्या | दर | भुक्तानी कर कट्टी बाहेक 15 प्रतिशत |
|---|---|---|---|---|
| 393/2078/3/26 चालु | नि.प्र.प्र.अधिकृत शालिराम बस्नेत | 21 | 1500 | 26775 |
| | लेखा प्रमुख भरत बस्नेत | 2 | 1500 | 2550 |
| | सु.प्र.अ प्रेम प्रकाश वली | 22 | 1500 | 28050 |
| | योजना प्रमुख कृष्ण ब.घर्ति | 1 | 1500 | 1275 |
| | आ.ले.प उदय प्रकाश वली | 8 | 1500 | 10200 |
| | प्रशासन प्रमुख पुष्पा पनेरु | 27 | 1500 | 34425 |
| | | 12 | 1500 | 15300 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स.क.अ रणमाया कुमारी चौधरी | | | | | |
| | | | | | स्वास्थ संयोजक त्रिभुवन सिंह घर्ति | 13 | 1500 | 16575 | | |
| | | | | | क.स.अ शुसिल वली | 27 | 1500 | 34425 | | |
| | | | | | फिल्ड सहायक तिलकराज वली | 4 | 1500 | 5100 | | |
| | | | | | अ.स.ई अर्जुन राना | 5 | 1500 | 6375 | | |
| | | | | | का.स केश ब.खत्री | 3 | 1500 | 3825 | | |
| | | | | | का.स दिपा घर्ति | 1 | 1500 | 1275 | | |
| | | | | 416/2078-3-28 चालु | नि.प्र.प्र.अधिकृत शालिराम बस्नेत | 7 | 1500 | 8925 | | |
| | | | | | ईन्जिनिनियर नविन डाँगी | 2 | 1500 | 2550 | | |
| | | | | | लेखा प्रमुख भरत बस्नेत | 7 | 1500 | 8925 | | |
| | | | | | योजना प्रमुख कृष्ण ब.घर्ति | 4 | 1500 | 5100 | | |
| | | | | | प्राविधिक ओमकार वली | 4 | 1500 | 5100 | | |
| | | | | | स.ई रमेश डाँगी | 7 | 1500 | 8925 | | |
| | | | | | शिक्षा संयोजक शेर ब. डागी | 1 | 1500 | 1275 | | |
| | | | | | भण्डार प्रमुख कमलराज पुन | 7 | 1500 | 8925 | | |
| | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | स्वास्थ संयोजक त्रिभुवन सिंह घर्ति | 6 | 1500 | 7650 |
| | क.स.अ शुसिल वली | 1 | 1500 | 1275 |
| | अ.स.ई अर्जुन राना | 6 | 1500 | 7650 |
| जम्मा | | | | 252450 |

८३

**अनुगमन भत्ता**

लुम्बिनी प्रदेश अन्तरर्गत स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा १३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐन निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन पाउने छैन भन्ने उल्लेख छ। सो ऐनमा गाउँपालिका तथा वडाका योजनाहरुको अनुगमन गरे वापत पदाधिकारीहरुलाई अनुगमन भत्ता भुक्तानी गर्न मिल्ने देखिदैन। गाउँपालिका योजनाहरुको अनुगमन गरेवापत पदाधिकारी तथा कर्मचारीहरुलाई भुक्तानी दिइएकोमा अनुगमन कार्यविधि तयार नगरेको, अनुगमन समिति गठन नगरेको र अनुगमन गर्दा योजनागत रुपमा अनुगमन गरी योजनाको सम्बन्धमा देखिएका व्यहोरा तथा योजनाको सरोकार पक्षसँग भएको छलफलको व्यहोरा उल्लेख नगरी प्रतिवेदन समेत तयार नगरी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गौ.भौ.न /मिति | नाम थर र पद | अनुगमन दिन | दर | भुक्तानी कर कट्टी बाहेक 15 प्रतिशत |
|---|---|---|---|---|
| 338/2078/3/21 | ३ नं वडा अध्यक्ष जलेश कुमार के.सी | 7 | 1500 | 8925 |
| | वडा सदस्य निर्मला खड्का | 4 | 1500 | 5100 |
| | वडा सदस्य केशरी दमाई | 4 | 1500 | 5100 |
| | वडा सदस्य दिपेश डागी | 4 | 1500 | 5100 |
| | वडा प्राविधिक सपना के.सी | 7 | 1500 | 8925 |
| | सचिव कुल ब.योगी | 7 | 1500 | 8925 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 345/2078-3-21 | ७ नं वडा अध्यक्ष तुल ब.घर्ति | 16 | 1500 | 20400 | | |
| | | | | | सचिव निम ब.भारती | 16 | 1500 | 20400 | | |
| | | | | | प्राविधिक विनोद बुढामगर | 16 | 1500 | 20400 | | |
| | | | | 417/2078-3-27 | गा.पा अध्यक्ष विर ब.खत्री | 42 | 1500 | 53550 | | |
| | | | | | उपाध्यक्ष रिता घर्ति | 56 | 1500 | 71400 | | |
| | | | | | नि.प्र.प्र.अ.शालीकराम बस्नेत | 56 | 1500 | 71400 | | |
| | | | | | लेखा प्रमुख भरत बस्नेत | 26 | 1500 | 33150 | | |
| | | | | | का.पा.स टिका विक | 33 | 1500 | 42075 | | |
| | | | | | योजना प्रमुख कृष्ण ब.घर्ति | 56 | 1500 | 71400 | | |
| | | | | | आ.ले.प उदय प्रकाश वली | 17 | 1500 | 21675 | | |
| | | | | | लेखापाल प्रेम खत्री | 15 | 1500 | 19125 | | |
| | | | | | स.ई रमेश डाँगी | 35 | 1500 | 44625 | | |
| | | | | | प्राविधिक ओमकार वली | 23 | 1500 | 29325 | | |
| | | | | | यो.सहायक रणमाया कुमारी चौधरी | 19 | 1500 | 23970 | | |
| | | | | | खा.पा.स.टे बल ब.बस्नेत | 9 | 1500 | 11475 | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अ.स.ई अर्जुन राना | 7 | 1500 | 8925 | | |
| | | | | 417/2077-3-28 | वडा.न. ४ अध्यक्ष राम ब. वली | 23 | 1500 | 29325 | | |
| | | | | | सदस्य इनमाली खड्का | 6 | 1500 | 7650 | | |
| | | | | | सदस्य शेर ब.डागी | 6 | 1500 | 7650 | | |
| | | | | | सदस्य नीर ब. डाँगी | 6 | 1500 | 7650 | | |
| | | | | | सदस्य अप्सरा दमाई | 6 | 1500 | 7650 | | |
| | | | | | सचिव धन ब.डागी | 23 | 1500 | 29675 | | |
| | | | | | प्राविधिक तेज ब.शाही | 17 | 1500 | 21675 | | |
| | | | | जम्मा | | | | 716645 | | |
| ८४ | | | **स्वीकृत कार्यक्रम भन्दा विपरित खर्च** कार्यालयले सभाबाट स्वीकृत कार्यक्रम सञ्चालन र कार्यान्वयन गर्नुपर्दछ । वडास्तरमा आरन, सिकर्मी र डकर्मीलाई तालिम सञ्चालन गर्ने गरी कार्यक्रम स्वीकृत भएकोमा सो कार्यक्रम सञ्चालन नगरी मिति 2078/3/17 देखि 2078/3/22 सम्म वडा स्तरीय मेलमिलापकर्ता र न्यायिक समितिका पदाधिकारीहरुको लागी ६ दिने आधारभुत कानुनी प्रशिक्षण कार्यक्रम सञ्चालन गरी 26 जनालाई दिनको रु.1000। को दरले रु.156000। खर्च लेखेको उचित नदेखिएको रु. | | | | | | | १५६,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५ | | | **विद्यालय सामग्री खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढि रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको बार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष बार्षिक खरिद योजना तयार गरेको नदेखिएकोले बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको कुनै योजना तयार नगरी विद्यालय बन्द रहेको अवस्थामा निम्न भौचरबाट शैक्षिक सामाग्री खरिद गरी रु989621/- खर्च गरेको छ।नियमवमोजिम आवश्यकताको पहिचान नगरी तथा खरिद भएका शैक्षिक सामाग्रीहरु वितरण नगरी मौज्दातमा रहेकोले नियमित नदेखिएको रु. | ९८९,६२१ |

| गौ.भौ.न /मिति | सामाग्रीको विवरण | रकम |
|---|---|---|
| 17/2078-3-22 | वालविकास शैक्षिक सामाग्री | 490872 |
| 19/2078-3-22 | विद्यालय स्टेशनरी खरिद | 498749 |
| जम्मा | | 9,89,621 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८६</td><td></td><td></td><td>गत बर्षको दायित्व<br>गत आ.व.को दायित्व सिर्जना भएको रकम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र आन्तरिक लेखापरीक्षकबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण म.ले.प.फा.नं.२२१ प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ।गाउँपालिका चालुबाट भुक्तानी बाँकीको बिबरण प्रमाणीत वेगर निम्न कार्यमा खर्च रु.10,12,563।- लेखेकोमा भुक्तानी दिन बाँकीको विवरण समेत संलग्न नगरी खर्च लेख्ने आधार नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>23-2077/7/3</td><td>भ्रमण तथा इन्धन खर्च</td><td>168198</td></tr>
<tr><td>43-2077/10/14</td><td>सरस्वती आ.वि म्वालेखोला मञ्च निर्माण</td><td>476865</td></tr>
<tr><td>82-2077/10/27</td><td>वडा कार्यालय रङ्गरोगन तथा वायरिङ्ग</td><td>140000</td></tr>
<tr><td>263-2078।3।14</td><td>ने.रा.आ.वि रातामाटा मर्मत तथा रङ्गरोगन</td><td>147500</td></tr>
<tr><td>385-2078/3/25</td><td>सरुवा भ्रमण खर्च</td><td>80000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>1012563</td></tr>
</table></td><td>१,०१२,५६३</td></tr>
<tr><td>८७</td><td></td><td></td><td>सौर्यवत्ती<br>सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद गर्नु पूर्व खरिद योजना वनाउनु पर्ने र खरिद योजना वनाउनु पहिले खरिद आवश्यकताको पहिचान हुनुपर्ने उल्लेख छ। भौ.न. 188-2078।3।25 बाट रु. 4,41,178 को सोलार र पार्टपूर्जाहरु खरिद गरेकोमा गुणस्तर परीक्षण गरेको छैन। सप्लायर्सले पेश गरेको कोटेशनमा वारेण्टी अवधी खुलाई सो अवधि सम्मको त्रुटि सच्याउने जिम्मा लिनुपर्नेमा कार्यालयले सप्लायर्ससँग सम्झौता गरी वारेण्टीको व्यवस्था गरेको पाइएन। त्यस्तै नवीकरणीय उर्जा प्रविधिमा प्रयोग हुने उपकरण तथा तिनका पार्टपूर्जाहरुको गुणस्तर परीक्षण बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रवाट गराउनु पर्नेमा सो समेत नगरेको रु</td><td>४४१,१७८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८८ | | | **गुणस्तर परीक्षण**<br>नवीकरणीय उर्जा प्रविधिमा प्रयोग हुने उपकरण तथा तिनका पार्टपूर्जाहरुको गुणस्तर परीक्षण बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रवाट गराउनु पर्नेमा गा.पा चालु भौ.न. 188/2078-3-25बाट रु. 4,41,178 को सोलार र पार्टपूर्जाहरु खरिद गरेकोमा छ गुणस्तर परीक्षण गरेको छैन। गुणस्तर परीक्षण गरेर मात्र जडान गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ८९ | | | **जिन्सी दाखिला**<br>प्रदेश आर्थिक कार्यविधि ऐन, 2074को दफा 4८ अनुसार कार्यालयमा प्राप्त भएको सवै मालसामानको मूल्य समेत खोली सात दिन भित्र जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ। चालु भौ.न. 438-2078।3।2९ बाट 15 शैया अस्पतालको डिपिआर निर्माण गरी शुभ विहानी इन्जिनियरिङ्ग कन्सल्सटेनरसी दाङ्गलाई रु.15,57,078।– भुक्तानी भएकोमा उक्त डिपिआर जिन्सी दाखिला नभएकोले जिन्सी दाखिला गर्नुपर्दछ। | |
| ९० | | | **अनुगमन मुल्याङ्कन खर्च**<br>भम्रण खर्च नियमावली,2064 को नियम ४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो हुने गरी भ्रमण गर्नुपर्ने उल्लेख छ । कार्यालयले योबर्ष अनुगमन मुल्याङकन तथा भ्रमण शिर्षकमा रु.12,60,550।— र विभिन्न योजनाहरुबाट कट्टि गरेको कन्टेन्जेन्सीबाट समेत अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ; | |
| ९०.१ | | | अनुगमन भ्रमण पश्चात भ्रमण गर्ने कर्मचारी तथा पदाधिकारीले नियमावली अनुसार भ्रमण प्रतिवेदन पेश गर्नुपर्नेमा गरेको छैन । | |
| ९०.२ | | | भ्रमणखर्च नियमावली, 2064 अनुसार भ्रमणको स्पष्ट प्रयोजन खुलाउनुपर्ने उल्लेख भएकोमा कतिपय भ्रमण आदेशहरुमा भ्रमणको स्पष्ट प्रयोजन खुलाउने गरेको छैन । | |
| ९१ | | | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.21,60,000।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७7।७8 मा रु.40,49,288। आम्दानी गरेको अर्थात अनुमान भन्दा 187.47 प्रतिशत बढी आय प्राप्त गरेको विवरण पेश गरेकोले आय प्रक्षेपण यथार्थपरक देखिएन। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिनु पर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९१.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाले आफ्नो क्षेत्र भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित गरेको देखिएन। करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| ९१.२ | | | कार्यालयले आम्दानी र मालपोत तर्फको रसिद नियन्त्रण खाता अद्यावधिक गरी राखेको छैन । यसबाट कार्यालयले कति रसिद छपाई गरि कुन कुन वडा र विषयगत शाखाले कति क्रम संख्या देखि कति क्रम संख्याका मालपोत रसिद र आम्दानी रसिद बुझे र बुझिलिएका मध्ये प्रयोजन समाप्त भई कति राजश्व शाखामा फिर्ता भए सो को विवरण तयार गरेको छैन। यसबाट असुल हुनुपर्ने राजश्व असुल भयो भएन र असुल भए अनुसारको दाखिला भयो भएन एकिन गर्न सकिएन। | |
| ९१.३ | | | गाउँपालिकाबाट दैनिक रुपमा उठ्ने राजश्वको रेकर्ड अध्यावधिक गर्न राजश्व शाखा गठन गर्नुपर्नेमा राजश्व शाखा गठन गरेको छैन। | |
| ९१.४ | | | कार्यालयले आन्तरिक आम्दानीको शिर्षकगत राजश्व असूली अनुमान र यथार्थ असूलिको प्रतिवेदन तयार गरेको छैन। | |
| ९१.५ | | | आन्तरिक आम्दानीको दैनिक आवर्जे तयार गरी दैनिक रुपमा उठेको राजश्वको रेकर्ड अद्यावधिक गर्नुपर्नेमा गरेको छैन। | |
| ९१.६ | | | कार्यालयले आन्तरिक आम्दानीको वडागत विवरण तयार गरेको छैन ।यसबाट कुन वडाले मासिक रुपमा कति आम्दानी गर्‍यो एकिन गर्न सकिएन । | |
| ९१.७ | | | कार्यालयको रसिद खर्च रेकर्ड अनुसार वडा नं. ४ ले मालपोत र आम्दानी रसिद बुझिलिएको देखिदैन। उक्त वडाले यस बर्ष रु.1,28,995।4 राजश्व संकलन गरेको विवरण पेश गरेकोमा बैङ्क दाखिलाको प्रमाण पेश गरेको छैन। उक्त वडाले उठाएको राजश्व रकम र दाखिला सम्बन्धमा छानविन हुनुपर्दछ। त्यस्तै ७ नं. वडा कार्यालयले कति राजश्व रसिद बुझिलिएको खुलेको छैन। लगेको रसिदका ठेली मध्ये केही ठेली हराएको र बाँकी ठेलीबाट रु.124311। राजश्व आम्दानी गरेकोमा रु.38871। दाखिला गरेको प्रमाण पेश भएको छ । यस सम्बन्धमा छानविन हुनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९१.८ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2076 को दफा २८ (2) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने उल्लेख छ। निम्न वडा कार्यालयहरुले मालपोत, सिफारिस दस्तुर, दण्ड जरिवाना, जन्मदर्ता, मुत्युदर्ता लगायतको शुल्क बापत रु.10,91,957।– राजश्व असुल गरेकोमा रु. 3,50,745।– मात्र दाखिला गरेको प्रमाण पेश भएको छ। बाकी राजश्व रु.7,41,212। समयमा नै दाखिला भएको प्रमाण पेश भएको छैन। कार्यालयले समयमा नै राजश्व दाखिला भए नभएको छानविन गरी दाखिला नभएको राजश्व सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई जरिवाना समेत असुल हुनुपर्ने रु. | ७४१,२१२ |

| वडा कार्यालय | राजश्व संकलन रकम | दाखिला रकम | दाखिला प्रमाण पेश गर्नुपर्ने राजश्व |
|---|---|---|---|
| वडा नं.1 | 176390 | 35785 | 140605 |
| वडा नं.2 | 277626 | 276089 | 1537 |
| वडा नं.3 | 258647 | 0 | 258647 |
| वडा नं.4 | 128995 | 0 | 12899५ |
| वडा नं.6 | 125988 | 38871 | 87117 |
| वडा नं.7 | 124311 | 0 | 124311 |
| जम्मा | 1091957 | 350745 | 741212 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९२ | | | **कार्य योजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ। कार्यालयले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना हुनुपर्दछ। | |
| ९३ | | | **कोष आय**<br>विश्वव्यापी महामारी नियन्त्रण तथा रोकथाम गर्न स्थापना भएको प्रकोप व्यस्थापन कोषमा गत बर्षको रु.34,60,436।4 र यस बर्षको आय रु.५२,६०,४३६।४ समेत रु. 87,20,872।8 को कोष स्थापना भएकोमा रु.52,60,436।4 खर्च भएको विवरण पेश गरेको छ। कोषबाट भएका खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् ; | |
| ९४ | | | **गत बर्षको दायित्व**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ बमोजिम नियम १५ मा उल्लेखित खर्च शिर्षकमा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न विल, भरपाई बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक बर्ष समाप्त भएको सात दिनभित्र आन्तरिक लेखापरीक्षणबाट प्रमाणित गराई राख्नुपर्ने व्यबस्था छ। प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिन बाँकीको विवरण म.ले.प.फा.नं.221 स्वीकृत नगराई यो बर्ष गत बर्षको रु.22,46,684।- खर्च लेखेको छ। प्रमाणित भुक्तानी दिन बाँकीको विवरण बेगर भुक्तानी खर्च लेखेको उचित देखिदैन। | |
| ९५ | | | **दोहोरो खर्च**<br>गो.भौ.नं.17-2077।3।7 कार्यालयले आर.जि.एम सप्लायर्सलाई स्वास्थ्य सामाग्री खरिद गरे बापत गत बर्ष रु.1,98,789। बराबरको खर्च लेखेकोमा यस बर्ष गत बर्षको भुक्तानी दिन बाँकी भनी रु.1,98,789। भुक्तानी गरेको छ। दोहोरो खर्च रकम असुल हुनुपर्ने रु. | १९८,७८९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९६</td><td></td><td></td><td>जोखिम भत्ता<br>नेपाल सरकारद्वारा जारी भएको कोरोना भाइरस (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश,२०७७ को बुंदा ७(ङ) मा कन्ट्र्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेनटिनमा खटिएका जनशक्तिलाई 50 देखी 100 प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ। कार्यालयले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मीहरुलाई रु. 8,08,742।- जोखिम भत्ता खर्च लेखेको छ। कार्यालयले क्वारेनटिनमा खटिएका जनशक्तिको कार्यआदेश नभएको साथै खटिएको अवधिको हाजिरी अद्यावधिक नगरी भुक्तानी गरेको छ। यसमा सुधार हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>९७</td><td></td><td></td><td>खरिद व्यवस्थापन<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५(१)मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद ऐनको दफा ६६ वमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्कताको लिखित विवरण, गुणस्तर, परिमाण शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपुर्तीकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मुल्यको लागि वार्ता गरी खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले पेश गरेको विवरण अनुसार देहाय अनुसारका मुख्य स्वास्थ्य सामाग्रीको खरिद दर लट अनुसार फरक रहेको छ ।उपयुक्त विधि अवलम्वन गर्न नसक्दा पिपिई सेट रु.6780। अक्सिजन कन्सन्टेटर रु.29380दर सम्मको सोझै खरिद गरको छ ।सम्पुर्ण सामाग्रीको मुल्य खुल्ने गरी खरिदको विवरण पेश गरेको छैन । कार्यालयले खरिद नियमावली वमोजिम विशेष परिस्थितिमा खरिद गर्ने प्रावधानको रुपमा पालना गरेको छैन् ।यसको उदाहरण देहाय अनुसार रहेको छ ;
<table>
<tr><th>सामानको नाम</th><th>स्पेशिफिकेशन</th><th>इकाई</th><th>परिमाण</th><th>दर</th><th>कुल रकम</th></tr>
<tr><td>पिपीई</td><td>नखुलेको</td><td>Piece</td><td>30</td><td>6780</td><td>203400</td></tr>
<tr><td>सेनेटाइजर</td><td>नखुलेको</td><td>Piece</td><td>72</td><td>497</td><td>35784</td></tr>
<tr><td>ग्लोब्स</td><td>नखुलेको</td><td>Piece</td><td>6000</td><td>10</td><td>60000</td></tr>
<tr><td>सर्जिकल माक्स</td><td>नखुलेको</td><td>Piece</td><td>3500</td><td>10</td><td>35000</td></tr>
<tr><td>अक्सिजन कन्सन्टेटर</td><td>नुखलेको</td><td>piece</td><td>10</td><td>29380</td><td>293800</td></tr>
</table></td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९८ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ। | |
| ९९ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक बर्ष २०७6/७7 सम्मको बेरुजु रु. 7,80,81,914बाँकी रहेकोमा यस बर्ष रु.11,41,50,067।4 थप भई रु.19,22,31,981।4 पुगेको छ। बाँकी बेरुजु समयमै फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |

| गत बर्षसम्मको फछ्यौट गर्न बाँकी रु. | यस बर्ष फछ्यौट रु. | बाँकी बेरुजु रु. | यो बर्षको सं.पबाट कायम बेरुजु रु. | यो बर्षको कायम बेरुजु रु. | बाँकी |
|---|---|---|---|---|---|
| 78081914 | 0 | 78081914 | 0 | 114150067.4 | 192231981.4 |